एड्स तथा यौन रोगबाट बच्न र बचाउन
- सुरक्षित यौन सम्पर्क गरौं ।
- यौन सम्पर्क गर्दा कन्डमको प्रयोग गरौं ।
- जीवाणुरहित सुईको मात्र प्रयोग गरौं ।
- एचआइभी नियमित परीक्षण गरौं ।

यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर १३ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 November 29 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९१

## ठक्करबाट व्यापारीको मृत्यु

## सहमतिपछि यातायात र पसल खुल्यो

प्रस, गरुडा, १२ मङ्सिर/
सोमवार एकाबिहानै प्रातः भ्रमणमा निस्केका गरुडाका एकजन व्यापारीको गल्ला व्यवसायी राजनारायणको मृत्यु भएको हो ।

सधैं एकाबिहानै प्रातः भ्रमणमा बेहोश अवस्थामा प्रहरीले उद्धार गरी प्रादेशिक अस्पताल पुर्याउँदा चिकित्सकले व्यापारी साहलाई मृत घोषणा गरेका



राजनारायण

यातायात साधनको ठक्करले मृत्यु भएको छ । अज्ञात सवारीसाधनले ठक्कर दिई गरुडा नगरपालिका-४ का ४८ वर्षीय निस्कने साहलाई इलाका प्रहरी कार्यालय, गरुडादेखि उत्तरतिर सडकमा अज्ञात सवारीसाधनले ठक्कर दिएको थियो । थिए ।

आफन्तलाई जानकारी नगराइ

(बाँकी पाँचौं पातामा)

## सिंचाइका कर्मचारीविरुद्ध अख्तियारमा उजूरी

धमेन्द्र चौरसिया, पोखरिया, १२ मङ्सिर/
नारायणी सिंचाईका कर्मचारीविरुद्ध नै नभएको अवस्थामा पनि झूटा बिल बनाइ भुक्तानी लिएकोले भ्रष्टाचार मुद्दा



तस्वीरः प्रतीक

भ्रष्टाचार मुदा दायर गरिएको छ ।

नहर निर्माणको क्रममा भ्रष्टाचार भएको देखिएकोले नारायणी सिंचाइ व्यवस्थापन डिभिजन नं ५, बहुअरी, वीरगंजका कर्मचारीविरुद्ध अख्तियारले विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरेको छ ।

नारायणी सिंचाइ व्यवस्थापन डिभिजन पर्सा ब्लक नं २ र १० को नहर निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने उजूरीको सम्बन्धमा छानबीन गर्दा उपभोक्ता समितिले बदनियतपूर्वक काम दायर गरिएको अख्तियारले जनाएको छ । अख्तियारले नारायणी सिंचाइ व्यवस्थापन डिभिजन नं ५, बहुअरी, वीरगंजका तत्कालीन सिडिई मदनमोहन झा र तत्कालीन तत्कालीन लेखा अधिकृत मुरारीप्रसाद आचार्यविरुद्ध जनही पाँच लाख ६१ हजार ९५० रुपैयाँ बिगो कायम गरी कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर गर्नसमेत मागदाबी लिई भ्रष्टाचार मुद्दा दायर गरेको छ । यस्तै, ब्लक नं २ हरिहरपुर, बिर्ता, पर्साका अध्यक्ष कुसुमदेवी कलवार र कोषाध्यक्ष राजकिशोर प्रसादविरुद्ध पनि जनही पाँच लाख ६१ हजार ९५० रुपैयाँ बिगो कायम गरी कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर गर्नसमेत मागदाबी गरी भ्रष्टाचार मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए ।

## श्रेष्ठ र सोनललाई चाँदीको मुकुट

प्रस, वीरगंज, १२ मङ्सिर/
बारा क्षेत्र नं ४ को प्रतिनिधिसभा र सोनललाई समर्थक र कार्यकर्ताले चाँदीको मुकुट र ५१ किलोको माला



तस्वीरः सौजन्य

सदस्यमा निर्वाचित कृष्णकुमार श्रेष्ठ (किसान) र बारा क्षेत्र नं ४ (२) को प्रदेशसभामा निर्वाचित जीतेन्द्र सोनललाई समर्थकहरूले चाँदीको मुकुट लगाएर सम्मान गरेका छन् ।

सोमवार बिहान बाराको इटियाहीमा मतदाताहरूलाई धन्यवाद दिन पुगेका श्रेष्ठ लगाएर सम्मान गरेको लोसपाका नेता रमेश सर्राफले जानकारी गराएका छन् । बारा क्षेत्र नं ४ को प्रतिनिधिसभा सदस्यमा नेकपा एकीकृत समाजवादीबाट श्रेष्ठ र क्षेत्र नं ४ (२)को प्रदेशसभा सदस्यामा लोसपाबाट सोनल निर्वाचित भएका हुन् ।

## सिम्रौनगढको आलु तयार हुँदै

रामेश्वर मेहता, सिम्रौनगढ, १२ मङ्सिर/
बारा, सिम्रौनगढ क्षेत्रको प्रसिद्ध रहेको आलुखेतीमा माटो चढाउने काम शुरू भएको छ ।

यस क्षेत्रका सिम्रौनगढ, अमृतगंज, हरिहरपुर, देवापुरटेटा, कचोर्वा, गोलागंजलगायतका गाउँमा आलुखेतीमा माटो चढाउने काममा कृषकहरू तल्लीन छन् ।

आलुखेतीमा माटो चढाउने काम मङ्सिर पहिलो सातादेखि पुसको पहिलो सातासम्म गरिन्छ । माटो चडाएलगत्तै सिंचाइ गर्ने गरेको कृषक हरि यादवले बताए ।

यहाँका कृषक खेतमा आलुहरूका प्रजाति लालगुलाब, शिवचालीस, कपूरी सेनुरी जातका लगाउँछन् । यसपालि वर्षाको कारण आलुखेती केही ढिलो भएको छ ।

आलुखेती यहाँको नगदेबालीमध्ये एक हो । नगदेबाली भएपनि बजार अभावले



कृषकहरू बिचौलियाको जालमा फसी आलुको उचित मूल्य पाउँदैनन् । गत वर्षको तुलनामा यसपालि बढी आलुखेती भएको देवापुर-टेटाका कृषक सुरेशले बताए ।

## ठोरीमा रामसीता विवाह महोत्सव

चिरञ्जीवी सापकोटा, ठोरी, १२ मङ्सिर/
ठोरी गाउँपालिकामा राम-सीता विवाह महोत्सव सम्पन्न भएको छ। ठोरी गापा-२ मा पर्ने सीतागुफामा आज वैदिक परम्परा अनुसार मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्र र सीताको विवाह हर्षोल्लासका साथ सम्पन्न गरिएको राम जन्मभूमि क्षेत्र विकास समितिकी उपाध्यक्ष मीना गिरीले जानकारी दिइन् ।

विवाह महोत्सवमा उपस्थितहरूलाई दुई पक्षमा विभाजन गरी रामपक्ष र सीतापक्ष बनाइ जन्ती लगेर सीतागुफा परिसरमा विवाह गरी राम-सीतालाई सीतागुफामा भित्र्याइएको उपाध्यक्ष गिरीले जानकारी दिइन् ।



तस्वीरः प्रतीक

स्थानीयहरूले विगत केही वर्षदेखि मङ्सिर शुक्ल पञ्चमीको दिनमा र रामनवमीको दिनमा यस क्षेत्रमा धूमधामका साथ पूजनोत्सव गर्दै आइरहेका छन् ।

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले रामको जन्म ठोरीमा भएको भन्ने वक्तव्य दिएपछि झनै यसको महत्त्व बढेको छ । रामको जन्म ठोरीमा भएको भन्ने वक्तव्य ओलीले दिए तापनि राममन्दिर माडीमा बनाइएपछि स्थानीयहरूले दुःखेसो पोखेका छन् ।

ठोरी गापाका पूर्वअध्यक्ष पद्मलाल श्रेष्ठले यस क्षेत्रमा रामसीताको मूर्ति स्थापना गर्न शिलान्यास गरे तापनि दशगजा क्षेत्रमा उक्त मूर्ति स्थापना हुन नसक्दा बजेट फ्रिज भएको थियो ।

सीतागुफामा खोला तरेर जानुपर्ने बाध्यात्मक अवस्था रहेकोले सम्बन्धित निकायले झोलुङ्गेपुलको व्यवस्थापन गर्न सके यस क्षेत्र धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकसित हुने समितिकी कोषाध्यक्ष गीता विष्टले बताइन् ।

## पर्सामा रहेका अवैध समिलका कारण काठ तस्करी बढ्यो

प्रमोद यादव, पंचगावाँ, १२ मङ्सिर/
पर्साको राष्ट्रिय वनजङ्गलबाट काठको तस्करी भई पकडिया, सबैया, सोलखपुरलगायतका क्षेत्रबाट कारण तस्करी नियन्त्रण गर्न कठिनाइ भएको बताए । उनले खुला सिमाना



तस्वीरः फाइल/प्रतीक

तस्करहरूले काँचो सालको रूख कटानी गरी तस्करी गरिरहेको स्थानीयले बताएका छन् । पर्साको उत्तरी भेगमा सञ्चालित अवैध समिल र फर्निचर उद्योगमा मध्यरातको समयमा काँचो सालको गुलिया साइकल र काँधमा बोकेर तस्करहरूले ओसार्ने गरेको प्रत्यक्षदर्शीहरूले बताएका छन् । वन कर्मचारीको फितलो गस्तीले पर्साका वसन्तपुर, हरैया, भतौडा, सोनवर्षा, गदियानी, मधुवन, मथवल, मानवा, पशुपतिनगर, छातावन टाँडी, बडनिहार, तामाङटोल बडनिहार, पचरुखी, बहुअर्वा, एकटाँगा, डोकैला बहुअरी, टिकुलिया, सखुवाप्रसौनी, कौवावनकटैया, देउरवाना, निचुटा, देवरियालगायतका क्षेत्रमा रहेका समिल र फर्निचर उद्योगमा काठ पुग्ने गरेको छ ।

सोही काठबाट फर्निचर उद्योगले विभिन्न सामग्री बनाइ सीमावर्ती भारतीय बजारसम्म पुगाउने गरेको छ ।

यस विषयमा डिभिजन वन कार्यालय, पर्साका अधिकृत फरमान मुखिया अन्सारीले सूचना अभावको भएकाले सबै ठाउँबाट तस्करी नियन्त्रण गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय जनप्रतिनिधि र सरोकार सबैको सहयोग हुनुपर्ने बताए ।

चालू आवमा दर्जनौं काठ तस्करलाई पक्राउ गरी कारबाई प्रक्रिया अगाडि बढाएको र केहीको खोजी भइरहेको बताए । उनले राजनीतिक दबाबका कारण तस्करी नियन्त्रण गर्न कठिनाइ भएको बताए । अवैधरूपमा सञ्चालनमा रहेका फर्निचर उद्योगको अनुगमन गरी कारबाई गरिने बताए ।

**विचारसार र सूक्तिहरू**

**उपार्जनको उत्साहले बढी सञ्चय गर्ने सुविधा त प्राप्त हुन्छ, तर त्यसको सदुपयोग भएन भने उपलब्ध वैभव निरर्थक हुन्छ र अनर्थमूलक दुष्परिणाम उत्पन्न गर्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# साना दललाई मौका

**सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको परिणामले सरकार सञ्चालनमा माओवादी केन्द्र र नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टीको महत्त्वपूर्ण भूमिका रहने भएको छ । विगतमा २० सिट भएको राप्रपाका तत्कालीन अध्यक्ष सूर्यबहादुर थापालाई प्रधानमन्त्री स्वीकार्न ठूला दलहरू बाध्य भएका थिए । त्यति बेला छ/छ महीनामा अविश्वासको प्रस्ताव राख्न पाउने प्रावधान थियो । त्यसले गर्दा सानाले मौका पाए पनि लामो समय टिक्न पाउँदैन थिए । वर्तमान संविधानमा छ महीने समयावधि हटाएर सरकार गठन भएको दुई वर्षसम्म सरकारविरुद्ध अविश्वासको प्रस्ताव राख्न नपाउने व्यवस्था गरिएको छ । साना दलले सरकारको नेतृत्व गर्ने मौका पायो भने उसले दुई वर्ष आरामले चलाउन पाउँछ । प्रतिनिधिसभाको प्रत्यक्षतर्फ १६५ मध्ये १५८ सिटको परिणाम आउँदा र समानुपातिकतर्फ ९३ लाख ९७ हजार मतगणना भइसक्दासम्म दुवै गठबन्धनको बहुमत पुग्ने अवस्था देखिएको छैन । सत्तापक्षीय नेपाली काङ्ग्रेस नेतृत्वको गठबन्धनमा रहेका पाँच दल नेका, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोसपा र राष्ट्रिय जनमोर्चाको आउन सक्ने सिट सङ्ख्या जोड्दा १३५ हुन्छ । सरकार गठनको लागि न्यूनतम बहुमत सङ्ख्या १३८ हो । त्यसैगरी, प्रमुख प्रतिपक्षी एमाले नेतृत्वको गठबन्धनका तीन दल एमाले, राप्रपा र जसपाको आउन सक्ने जम्मा सिट सङ्ख्या ९९ मात्रै छ ।**

**पहिलो र दोस्रो ठूला दल नेपाली काङ्ग्रेस र नेकपा एमाले आपसमा नमिलेर आआफ्नै नेतृत्वमा सरकार गठनको चाहना राख्ने हो भने गठबन्धनभन्दा बाहिर नगए सुख छैन । अर्कोतर्फ वर्तमान चुनावी गठबन्धन सरकार सञ्चालनमा पनि रहिरहन्छ भन्ने निश्चित छैन । पदका लागि दलभित्रै त खुट्टा तानातान गर्नेहरूले "हस हजुर" भन्दै ठूला दलको निर्णय स्वीकार्छन भन्न सकिँदैन । साना दलहरू धेरै साना छन् । त्यसमा पनि नेकपा एकीकृत समाजवादी, जसपा, लोसपा, नाउपालगायत एकभन्दा बढी सांसद रहेका दलहरू थ्रेस होल्ड कटाउन नसके राष्ट्रिय पार्टीको रूपमा मान्यता पाउँदैनन् । यसो भयो भने ती दलका सांसदहरू स्वतन्त्र हैसियतमा हुन्छन् । उनीहरूमाथि दलको ह्वीप वा कारबाई नलाग्न सक्छ । यसो हुँदा सरकारको नेतृत्व गर्ने दलले राष्ट्रिय मान्यता नपाएका दलसँग सहकार्य गरे पनि उसको हरेक सांसदलाई रिझाएर राख्नुपर्ने हुन्छ । नत्र उसले कुनै पनि बेला फ्लोर क्रस गर्न सक्छ ।**

**गठबन्धनलाई निरन्तरता दिने भन्ने कुरा एउटा औपचारिकता मात्रै हो । खासगरी नेकाको ध्यान अब माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीतर्फ रहन्छ । यी दुई दल मात्रै पक्षमा आउँदा नेका नेतृत्वको सरकारको लागि बहुमत पुग्छ । त्यसैगरी, एमालेले पनि यी दुई दललाई आफ्नो समर्थनमा ल्याउन सक्यो भने राप्रपाले समर्थन गर्दा स्पष्ट बहुमत पुग्छ । नेका वा एमाले दुवैतर्फको सरकार निर्माणका लागि सम्भावना बोकेका यी दुई दल हुन् । अन्य साना दलहरू जम्मा पार्नु र चित्त बुझाउनु धेरै गाह्रो छ । कि त नेका र एमालेबीचमा सहकार्य हुनुपर्छ । माओवादी, रास्वपालगायत अन्य साना दलहरूको महत्त्वाकाङ्क्षा बढ्यो भने पहिलो चरणमा सरकारको लागि कुनै पनि दलले बहुमत जुटाउन नसक्ने अवस्था पनि आउन सक्ला । यो अवस्थामा अर्को पनि सम्भावना भने रहन्छ । सरकार गठनको नेतृत्वको निम्ति माओवादी केन्द्र वा रास्वपाले पहल गर्ने ढोका खुल्छ । असम्भव छैन । हाम्रो मुलुक र छिमेकी मुलुक भारतमा समेत यस्तो अभ्यास प्रयोगमा आइसकेको छ ।**

# डिजिटल डिभाइड

आजको २१औं शताब्दीमा विश्वमा भइरहेका सूचना प्रविधिको द्रुततर विकास तथा विस्तार सँगसँगै दिन प्रतिदिन यसका सामु अनगिन्ती चुनौतीहरूको सामना गरि रहनुपरेको यथार्थतालाई हामीले बिर्सनुहुँदैन । चाहे हामी सूचना प्रविधिमा पहुँचको कुरा गरौं अथवा सुरक्षाको नै किन नहोस् । सूचना तथा सञ्चार प्रणालीको अधिक विकासले गर्दा आज विश्व खुम्चिएको, साँघुरिएको छ । आज विश्वमा सूचना तथा सञ्चार प्रविधिको पहुँचमा जुन एउटा असमानता अनि भिन्नता चुलिँदै गएको छ, जस्तै विकसित र विकासशील, धनी र गरीब, शिक्षित र अशिक्षितहरू सामु जुन भिन्नता छ, त्यसलाई नै हामी सरल भाषमा भन्नुपर्दा डिजिटल डिभाइड अथवा डिजिटल अन्तर भन्छौं । आजको विश्वमा चाहे हामी कम्प्युटरको कुरा गरौं, मोबाइल फोन अथवा इन्टरनेट कनेक्टिभिटीको नै किन नहोस् । आज प्रत्येक राष्ट्र सामु एउटा ठूलो चुनौती थपिएको छ, त्यो भनेको सहजरूपले सुरक्षित सूचना तथा प्रविधिको पहुँच प्रत्येक नागरिकसामु कसरी पुऱ्याउन सकिन्छ भन्ने नै हो ।

आजको प्रतिस्पर्धात्मक विश्वमा कुनै देश अत्यन्तै विकसित छन् भने कुनै मध्यम त कतिपय देशहरू आज पनि ज्यादै दयनीय अवस्थाबाट गुज्रिरहेका पाइन्छन् । चाहे हामी आर्थिक पक्षको कुरा गरौं, सामाजिक वा राजनीतिक नै किन नहोस् । संसारका अत्यन्तै विकसित देशका जनता र गरीब मुलुकका जनताबीच जुन सूचना प्रविधिको पहुँचमा अन्तर, कमी अथवा भिन्नता नै आजको मानव मात्रको एउटा ठूलो चुनौती हो । यसले गर्दा शिक्षाको गुणस्तर, गरीब र धनीबीचको खाडल, सामाजिक असमानता दिन प्रतिदिन चुलिँदै गएको पाइन्छ । आजभन्दा केही वर्षअगाडिसम्म जनमानसमा केवल विश्वको आर्थिक, सामाजिक र राजनीतिक असमानताको सम्बन्धमा मात्र बहस हुने गर्थ्यो भने आज डिजिटल असमानता अथवा भिन्नता सम्बन्धमा समेत ठूलै बहस हुने गरेको पाइन्छ ।

चाहे हामी कार्ल मार्क्सको कुरा गरौं अथवा गाँधीको नै त्यस बखत उनीहरूले वर्गविहीन समाज (Classless Society) को परिकल्पना गरेका थिए, जुन समाजमा सबैको अधिकार र पहुँचमा समानता हुन्छ । तर के साँच्चै उनीहरूले गरेका परिकल्पना अनुसारको समाज विकास भएको छ त आज भने प्रश्न उब्जिएको छ ।

यस सम्बन्धमा अध्ययन गर्दा

**स्वतन्त्र विचार**



**प्रदीप ढोडारी**

**जबसम्म जनतालाई पूर्णरूपमा शिक्षित र सचेत बनाउन सकिँदैन, तबसम्म सूचना प्रविधिको पहुँच राज्यका प्रत्येक वर्ग र समुदायसमक्ष समानरूपमा वितरण गर्न कठिन हुन्छ ।**

विकसित र विकासशील देशहरूमा भएका सूचना प्रविधिको विकास तथा विस्तारको सन्दर्भमा विश्वका कतिपय राष्ट्रहरू आज पनि दयनीय अवस्थाबाट गुज्रिरहेका छन् भने विकसित शक्तिसम्पन्न राष्ट्रहरूमा यसको विकास, विस्तार तथा उपयोग अत्यधिक मात्रामा भइरहेको पाइन्छ । आज विश्व यस्तो अवस्थामा प्रवेश गरिसकेको छ कि कम्प्युटर, मोबाइल तथा इन्टरनेटविनाको संसार परिकल्पनासम्म पनि गर्न सकिँदैन । चाहे शिक्षाको कुरा गरौं, स्वास्थ्य, अनि आर्थिक पक्षको नै किन नहोस् यसको ज्वलन्त उदारणको रूपमा भर्खरै विश्वमा भएको ठूलो महामारी COVID-19 लाई लिन सकिन्छ । संसारभरिका विकसित राष्ट्रदेखि विकासशील मुलुक जहाँ सूचना प्रविधिको प्रयोगमार्फत शिक्षा क्षेत्रमा एउटा ठूलै क्रान्ति सम्पन्न भयो भन्दा अतिशयोक्ति नहोला संसारका विकसित राष्ट्रका शिक्षा प्रणालीमा होस् वा हाम्रो जस्तो विकासशील राष्ट्र जहाँ करीब दुई वर्ष अनलाइन प्रणालीमार्फत विद्यालयदेखि विश्वविद्यालय तहसम्मको पठनपाठन भयो । यदि साँच्चै भन्ने हो भने कोभिड-१९ जस्तो विश्वव्यापी महामारी नहुँदो हो त हाम्रोजस्तो विकासशील मुलुकको शिक्षा क्षेत्रमा सूचना प्रणालीको विकास, विस्तार तथा प्रयोग हुन कम्तीमा एक दशक पर्खनुपर्थ्यौं भन्दा गलत नहोला । त्यस बखत विकासशील मुलुकहरूमा शिक्षा क्षेत्रका अतिरिक्त आर्थिक कारोबारमा समेत सूचना प्रविधिको उल्लेख्य भूमिका रह्यो चाहे हामी बैंकिक प्रणालीको कुरा गरौं अथवा अनलाइन कारोबार नै किन नहोस् यसले गर्दा प्रत्येक व्यक्तिको जीवनशैलीमा आमूल परिवर्तन आयो । विदेशहरूमा जस्तै घरमा आवश्यक औषधिमुलोदेखि खाद्यान्न, लत्ताकपडादेखि विभिन्न वस्तुहरू अनलाइन प्रणालीमार्फत खरीद-बिक्री गर्ने एउटा होडबाजी नै शुरू भयो । महीनौंसम्म कार्यालयका नियमित कार्य तथा बैठकहरू सूचना प्रविधिको माध्यमबाट अनलाइन प्रणालीमार्फत घरबाटै सम्पन्न भए । यसलाई नै आजको २१औं शताब्दीको सूचना प्रविधिको



चित्र : इन्टरनेट (डिजिटल डिभाईड दर्साउने तस्वीर सहितका केही झलक)

विकासको देन मान्न सकिन्छ ।

आज सूचना प्रविधिको द्रुततर विकास तथा विस्तार भइरहेको परिप्रेक्ष्यमा कुनै पनि वर्ग, समुदाय तथा समाजमा रहेका व्यक्तिहरूमा कम्प्युटर, मोबाइल तथा इन्टरनेटको सहज पहुँच भएका र नभएका बीचको अन्तरलाई नै डिजिटल डिभाइड, डिजिटल अन्तर वा डिजिटल ग्याप भनिन्छ ।

नेपालको सन्दर्भमा कुरा गर्दा अझै पनि सबै वर्ग, समुदाय तथा स्थानहरूमा सर्वसुलभरूपमा सूचना प्रणालीको पहुँचमा एकरूपता कायम हुन सकेको पाइँदैन । त्यसमा विभिन्न प्रत्यक्ष वा अप्रत्यक्ष तत्त्वहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरिराखेका छन् । जस्तै राज्यका नीति तथा नियम, पूर्वाधार विकास, गरीबी तथा अशिक्षा नै यसका बाधक तत्त्व हुन् ।

जबसम्म सूचना प्रणालीको प्रयोग सम्बन्धमा राज्यको उदार नीति तथा नियम आउँदैन, तबसम्म यसको प्रयोग तथा पहुँचमा उल्लेख्य सुधार ल्याउन सकिंदैन । त्यस सँगसँगै पूर्वाधार विकासलाई पनि एउटा मेरुदण्डको रूपमा लिइन्छ । जबसम्म सरकारले यसका लागि आवश्यक आधारभूत पूर्वाधार देशभरि विकास तथा विस्तार गर्न सक्दैन, तबसम्म सर्वसाधारणसमक्ष सहजरूपमा सूचना प्रविधिको समान पहुँच पुऱ्याउन सम्भव हुँदैन । गरीबी पनि एउटा सहज सूचना प्रविधि पहुँचको बाधक तत्त्व मानिन्छ । जबसम्म देश सम्पन्न हुँदैन, तबसम्म जनताका आधारभूत आवश्यकताहरू पूरा हुँदैनन् । आजको परिप्रेक्ष्यमा कुरा गर्नुपर्दा कम्प्युटर, मोबाइल तथा इन्टरनेट सर्वसाधारणका आधारभूत आवश्यकतामा पर्ने भइसकेका छन् । यसैगरी, शिक्षाले पनि सूचना प्रविधिको सहज पहुँच बढाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । जबसम्म जनतालाई पूर्णरूपमा शिक्षित र सचेत बनाउन सकिँदैन, तबसम्म सूचना प्रविधिको पहुँच राज्यका प्रत्येक वर्ग र समुदायसमक्ष समानरूपमा वितरण गर्न कठिन हुन्छ ।

(लेखक नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)मन सिस्टम एडमिनिस्ट्रेटर हुन् ।)

# तराई-मधेसमा चार हजार मेगावाट विद्युत् खपत गर्ने प्रसारण सञ्जाल बनाइँदै

काठमाडौं, १२ मङ्सिर/रासस

नेपाल विद्युत् प्राधिकरणले देशभित्र उत्पादित विद्युत् आन्तरिकरूपमैं खपत बढाउन तराई-मधेसका जिल्लामा करीब चार हजार मेगावाट विद्युत् खपत गर्न सक्ने गरी प्रसारण सञ्चालन बनाउने भएको छ । प्राधिकरणले सन् २०५० भित्रमा मधेस प्रदेशका बारा, पर्सा, रौतहट, महोत्तरी, धनुषालगायतका जिल्लाका दक्षिणी भेगमा हुने मानवबस्ती र औद्योगिक क्षेत्र विस्तारलाई ध्यान दिएर उच्च क्षमताको प्रसारण लाइन करिडोर निर्माण गर्न लागेको हो । भारतसँगको दक्षिणी सीमास्थित हुलाकी राजमार्गको समानान्तररूपमा चार सय केभी क्षमताको चार सर्किट प्रसारण लाइन र सबस्टेशन निर्माण गरिनेछन् ।

चार सर्किटमध्ये प्रारम्भिक चरणमा माथिल्लो दुई सर्किट चार सय केभी र तल्लो दुई सर्किट १३२ केभी क्षमताका प्रसारण लाइन सञ्चालन ल्याउने गरी प्रसारण लाइन करिडोरको निर्माण गरिनेछ । स्थानीयरूपमा विद्युत् आपूर्तिका लागि ठाउँ-ठाउँमा सबस्टेशनको निर्माण गरिनेछ । अहिले प्रस्तावित प्रसारण लाइनको रूट र सबस्टेशन रहने स्थान तय गर्ने काम भइरहेको छ । बारा, पर्सा औद्योगिक करिडोर अन्तर्गत वीरगंज क्षेत्रमा करीब तीन हजार २०० र जनकपुर क्षेत्रमा आठ सय मेगावाट विद्युत् खपत गर्ने गरी प्रसारण सञ्जाल पूर्वाधार निर्माण गरिनेछन् । यसबाट शहर र औद्योगिक क्षेत्र विस्तारको प्रचुर सम्भावना रहेको मधेस प्रदेशका जिल्लामा पर्याप्त, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति हुनेछ ।

प्रसारण लाइन तथा सबस्टेशन निर्माणका लागि रु ५० अर्बभन्दा बढी लाग्नेछ । यो रकम नेपाल सरकार तथा विद्युत् प्राधिकरणको लगानी, भारतीय एक्जिम बैंक, एशियाली विकास बैंकलगायतको सहुलियतपूर्ण ऋणबाट जुटाइने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ, परामर्शदातालगायत सम्मिलित उच्चस्तरीय टोलीले शनिवार र आइतवार प्रस्तावित लाइन निर्माणस्थलको स्थलगत अनुगमन भ्रमण गरी चार सय र १३२ केभी क्षमताका प्रसारण लाइन तथा सबस्टेशन निर्माणका लागि सम्भावित ठाउँ, विद्युत् माग तथा खपतको अवस्थालगायतका विषयमा जानकारी लिएको छ ।

कार्यकारी निर्देशक घिसिङले आन्तरिकरूपमा खपत बढाउन र देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारततर्फ निर्यातका लागि दक्षिण करिडोर प्रसारण लाइन चरणबद्धरूपमा निर्माण गर्न लागिएको बताए । "पहिलो फेजमा खपत वृद्धिका लागि तत्काल आवश्यक पर्ने प्रसारण लाइन र सबस्टेशन, दोस्रो फेजमा दक्षिण करिडोर मुख्य लाइन र तेस्रो चरणमा अन्तरदेशीय विद्युत् व्यापारका लागि क्रसबोर्डर प्रसारण लाइन निर्माण गरिनेछन्," घिसिङले भने । केही प्रसारण लाइन तथा सबस्टेशन निर्माण भइरहेका छन्, केही तत्काल शुरू हुँदैछन् भने अन्य दीर्घकालीनरूपमा निर्माण गर्नेगरी सबस्टेशनका लागि जग्गा लिने, प्रसारण लाइनको रूट तय गर्ने, वातावरणीय अध्ययनका लागि प्रक्रिया शुरू गर्नेलगायतका काम भइरहेका छन् ।

उनले भारतको मोतिहारी, सीतामणि, जयनगर बिन्दुतर्फ पनि विद्युत् निर्यात गर्न सकिने बताए । बारा-पर्सा औद्योगिक करिडोरमा सञ्चालनमा रहेका र आगामी दिनमा खुल्ने उद्योगलाई लक्षित गरी पर्साको पोखरिया र बाराको निजगढमा चार सय केभीको सबस्टेशन निर्माणका लागि प्रक्रिया अगाडि बढाइसकेको छ । त्यहीं चार सय केभी लाइनलाई हुलाकी राजमार्गको समानान्तररूपमा जनकपुरतिर विस्तार गरिनेछ । बाराको प्रसौनीमा १३२ केभी क्षमताका सबस्टेशन निर्माणका लागि जग्गा अधिग्रहणको गरिएको छ ।

जनकपुर क्षेत्रको विद्युत् आपूर्तिलाई भरपर्दो र गुणस्तरीय बनाउन धनुषाको



ढल्केबरबाट महोत्तरीको लोहरपट्टीसम्मका १३२ केभी क्षमताका सबस्टेशनको निर्माण भइरहेको छ । लोहरपट्टीमा १३२ केभी सबस्टेशन निर्माणाधीन छ । यसैगरी, ढल्केबर-बालगङ्गा १३२ केभी क्षमताका प्रसारण लाइन पनि निर्माणाधीन छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# बैंक तथा वित्तीय संस्थालाई क्षेत्रगत कर्जा विस्तारमा राष्ट्र बैंकको राहत

काठमाडौं, १२ मङ्सिर/रासस

बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकमको अभावको समस्या हट्न नसकेपछि नेपाल राष्ट्र बैंकले क्षेत्रगत तोकिएको क्षेत्रमा कर्जा प्रवाह नगरेमा २०८० असार मसान्तका आधारमा २०८० पुसदेखि हर्जना गणना गर्ने व्यवस्था मिलाइनेछ," मौद्रिक नीतिको समीक्षा



तस्वीरः फाइल

कर्जा विस्तारमा केही सुविधा दिएको छ। राष्ट्र बैंकले आइतवार चालू आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको प्रथम त्रैमासिकको समीक्षा गर्दै क्षेत्रगत कर्जा विस्तार गरिसक्नुपर्ने समयसीमामा बैंक तथा वित्तीय संस्थालाई केही सहज बनाइदिएको हो।

"तरलतामा देखिएको दबाबलाई दृष्टिगत गरी बैंक तथा वित्तीय संस्थाले प्रतिवेदनमा भनिएको छ। राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका लागि कृषि, ऊर्जा, लघु, घरेलु तथा साना उद्योगलगायतका क्षेत्रमा तोकिएको समयभित्र निश्चित प्रतिशत कर्जा विस्तार गरिसक्न भनेको छ।


त्यसरी तोकिएको क्षेत्र र समयभित्र कर्जा विस्तार गर्न नसक्ने बैंक तथा

(बाँकी पाँचौं पातामा)

# महापुरुषले गर्‍यो १० करोडको व्यापार

काठमाडौं, १२ मङ्सिर/रासस

कोरोना भाइरस महामारीका कारण लकडाउनको समय बढेको डिजिटल प्लेटफर्मको प्रयोगले हलमैं गएर फिल्म हेर्ने संस्कृति हराउने चिन्ता बढेको थियो।




विश्वमैं ओटिटीको प्रयोग बढिरहँदा केही प्रतीक्षित फिल्म रिलिजसमेत भए। हलमा दर्शक घट्नु र ओटिटीमा बढ्नुले नेपालमा समेत यसको विकल्प खोजियो। तर नेपालमा यसले सफलता पाउन सकेन। हलमैं फिल्मको व्यापार राम्रो देखियो। प्रायः एक वर्षमा दशभन्दा कम फिल्मले हलबाटै मुनाफा कमाउने गरेको तथ्याङ्क छ।

यद्यपि यसै वर्ष मङ्सिरसम्म कबड्डी ४, झिँगेदाउ, प्रेमगीत ३, के घर के डेरा, दुई नम्बरी र महापुरुषले हलबाटै मुनाफा कमाएका छन्। आइतवार फिल्म 'महापुरुष' युनिटले पत्रकार सम्मेलन गर्दै प्रदर्शनको चौथो साता पूरा गर्दा दश करोड बढी ग्रस कलेक्शन गरेको जानकारी दिएको छ।

"हामीले पहिलो साता पाएको शो सङ्ख्यामा खासै परिवर्तन आएको छैन। हामीले पाएका शोहरू मल्टिप्लेक्समा अझै भरिभराउ छन्," निर्माता दीपेश खत्रीले भने, "फिल्म हेर्न परिवार नै आइरहनुभएको छ। यसैले फिल्मको व्यापार राम्रो भइरहेको छ।"

यस वर्ष कबड्डी ४ र प्रेमगीत ३ पछि १० करोड ग्रस गर्ने यो तेस्रो चलचित्र बनेको छ। नेपाली चलचित्रले हलमैं यत्तिको व्यवसाय गर्नुलाई 'ब्लकबस्टर' मानिन्छ।

निर्माता खत्रीका अनुसार फिल्मले पहिलो साता उपत्यका अन्तर्गतका हलमा तीन करोड छ लाख ६५ हजार र उपत्यकाबाहिरका हलमा एक करोड पचास लाख १२ हजार, दोस्रो सातामा उपत्यकामा एक करोड ८९ लाख एक हजार र बाहिर ९४ लाख १७ हजार, तेस्रो सातामा उपत्यकामा ९६ लाख तीन हजार र बाहिर ४५ लाख सात हजार तथा चौथो सातामा उपत्यकामा ८७ लाख सात हजार र मोफसलमा ३९ लाख आठ हजारको व्यापार गरेको छ।

"फिल्म व्यापारमा केन्द्रित नभई आफ्नै मौलिक कथा भन्नुपर्छ भन्ने लागेर यो विषयलाई ठूलो पर्दासम्म ल्याएका हौं। यसले गरेको व्यापारले आगामी दिनमा गहन विषयलाई उठाउन हौसला मिलेको छ," लेखकसँगै निर्देशकसमेत रहेका प्रदीप भट्टराईले भने, "यो एक्लोपनको कथा हो। मैले वा धेरै सन्तानले आफ्नो अभिभावकसँग भन्न नसकेका कुराहरू फिल्मले भन्छ।"

स्वदेशमा मात्र नभई विदेशमा समेत यो चलचित्रले राम्रो दर्शक पाइरहेको कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँले जानकारी दिए।


"नेपालसँगै अमेरिका, क्यानडा, अस्ट्रेलियामा प्रदर्शन भइरहेको छ, अमेरिकामा यसले ५१औं दिन मनाउने सम्भावना छ," कार्यकारी निर्माता बानियाँले भने, "व्यापारसँगै नेपाली फिल्मको बजार विस्तारसमेत भइरहेको छ।" चलचित्रमा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, गौरी मल्ल, राजाराम पौडेल, रवीन्द्र सिंह बानियाँ, शिरू विष्टसँगै नवप्रस्तुतिमा अरुण क्षेत्री र अञ्जना बराइली मुख्य भूमिकामा छन्।

आदर्शनगरमा बसोबास गर्ने अवकाशप्राप्त शिक्षकमार्फत पिता र एकल पुरुषसँगै एक्लोपनको कथा फिल्ममा देखाइएको छ। भविष्य निर्माण गर्न अलग भइसकेको छोरा, सपना बोकेर अस्ट्रेलिया जान लागेको छोरा र एक्लोपनमा रहेका शिक्षकमार्फत समाजको गम्भीर विषयलाई सरलरूपमा प्रस्तुत गरिएको छ।

# जनकपुरधाममा विवाह पञ्चमीको धूमधाम

धनुषा, १२ मङ्सिर/रासस

पौराणिक प्रचलन अनुसार मधेस प्रदेशको राजधानी जनकपुरधाममा आज सीताराम विवाह महोत्सव मनाइँदै छ।



विवाह पञ्चमीको अवसरमा सिङ्गारिएको जानकी मन्दिर र जानकी मन्दिरको प्राङ्गणमा मञ्चन गरिएको रामलीलाको झलक। तस्वीरः रासस



**डोली लगिंदै** : जनकपुरधाममा मनाईने सात दिवसीय राम–सीता विवाह पञ्चमी महोत्सवको छैठौं दिन सोमवार सीता र रामको स्वयंवरका लागि राम मन्दिर बाट रङ्गभुमी मैदानमा डोली लगिंदै। तस्वीरः रासस

जनकनन्दिनी सीताको विवाह भएको दिनको स्मरणमा मिथिलावासीले विशेष महोत्सवका रूपमा विवाह महोत्सव मनाउने गरेका हुन्। महोत्सवमा सहभागी हुन अहिले लाखौं श्रद्धालु भक्तजनले जानकी मन्दिरलगायत यहाँस्थित देवालयमा आज बिहानैदेखि पूजाअर्चना गरिरहेका मन्दिरका महन्त रामतपेश्वर दासले बताए।

उनका अनुसार सीतालाई छोरी–बहिनीका रूपमा मान्ने मिथिलावासीले महोत्सवमा देवीदेवताको सहभागिता सशरीर नभए पनि अदृश्यरूपमा उपस्थित हुने विश्वासले हर्ष र उल्लासका साथ प्रतिछाया जन्तीको आगमनदेखि बिहेसम्ममा सहभागी हुने गर्दछन्।

मैथिल साहित्यकार डा राजेन्द्र विमल भन्छन्, "संस्कृति अनुसार विवाह महोत्सव मनाइने क्रममा राम मन्दिर र जानकी मन्दिरबाट राम सीताको प्रतिमालाई सुसज्जित डोलीमा राखेर रङ्गभूमिमा लगी स्वयंवर र परीक्षण विधि सम्पन्न गर्ने र जानकी मन्दिरमा ल्याएर विवाह संस्कार सम्पन्न गरिन्छ। सो अवसरमा निस्किने भगवान्को डोला शोभायात्रामा सहभागी हुनेले महोत्सव दैवी विवाह भएको अनुभव गर्दै आफूलाई धन्य सम्झन्छन्।"

राजर्षि जनक, जानकी र याज्ञवल्क्यको पुण्यभूमि प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा बर्सेनि मार्ग शुक्ल पञ्चमीमा राम जानकी विवाहपञ्चमी मेला आयोजना गरिन्छ।

आश्विन पूर्णिमाका दिन अयोध्याका राजा दशरथका जेठा छोरा श्रीरामचन्द्रले शिव धनुष उठाएर ताँदोमा बाण चढाउँदा भाँचिएपछि मार्गशुक्ल पञ्चमीमा राम जानकीको शुभविवाह भएको प्रसङ्ग सीतोपाख्यानमा उल्लेख छ। उक्त विवाह भएको खुशियालीमा सम्झनास्वरूप जनकपुरधाममा प्रत्येक वर्ष विवाह पञ्चमी पर्व मनाउने परम्परा रहेको छ।

राम र जानकीको स्वयंवर भएको भनिएको रङ्गभूमि १२ बिघा मैदानमा विवाह पञ्चमीका दिन जनकपुरधामस्थित राममन्दिरबाट जन्तीसहित भगवान् रामको डोला नगरपरिक्रमा गर्दै ल्याउने र जानकी मन्दिरबाट बाजागाजा र लावालस्करका साथ जानकीको डोला लगेर स्वयंवर गरिन्छ। त्यसपछि दुवै डोला नगरपरिक्रमा गर्दै जानकी मन्दिरमा पुगी मिथिलाको संस्कृति अनुसार वैवाहिक कार्यक्रम सम्पन्न गरिन्छ।

त्रेतायुगमा मिथिलाका राजा जनकले सीता स्वयंवर आयोजना गर्दा देशदेशान्तरका सयौं राजा र राजकुमार उपस्थित हुन पुगेको ऐतिहासिक तथा पौराणिक मान्यता छ। अहिले पनि हिन्दूको आस्थाको केन्द्रका रूपमा रहेको जनकपुरधामलगायत भारतबाट आएका लाखौं श्रद्धालु डोला नगरपरिक्रमा, दर्शन तथा पूजापाठ गर्न उपस्थित हुन्छन्।

जनकपुरधाममा हरेक महीनाको पूर्णिमाका दिन, चैत्र शुक्ल नवमीका दिन मर्यादा पुरुषोत्तम रामचन्द्रको जयन्ती मनाउन र वैशाख शुक्ल नवमीमा जानकी प्राकट्य महोत्सवका उपलक्ष्यमा पनि यहाँ मेला लाग्ने गर्दछ। त्यस्तै, श्रावण शुक्ल तृतीयादेखि पूर्णिमासम्म झुला महोत्सव तथा फागुन शुक्लपक्षका बेला पन्ध्र दिवसीय मिथिला पञ्चकोशी परिक्रमा (जनकपुरधामदेखि पाँच कोशको दूरीमा रहेको जानकीको बाल लीलासित सम्बद्ध ठाउँहरूको परिक्रमा) तथा उक्त परिक्रमाको अन्त्यमा फागु पूर्णिमाका दिन जनकपुरधामको अन्तरगृह परिक्रमा पनि आयोजना गरिन्छ। ती सबै उत्सव र पर्वमध्ये रामजानकी विवाह महोत्सव भने बढी श्रद्धा, निष्ठा, उत्साह र भव्यतापूर्वक मनाइन्छ।

वैवाहिक समारोहको पूर्वाङ्गस्वरूप मार्गशुक्ल द्वितीयाका दिन अयोध्याबाट साधुसन्तसमेतको एउटा जन्तीको डफ्फा (बाराती समूह)लाई जनकपुरधाम आइपुगेपछि स्वागत गरिन्छ। अयोध्याबाट आउने जन्तीलाई यसअघि नै नेपाली सीमामा प्रवेश गर्नासाथ मटिहानी, जलेश्वर, पिपरा, लादोबेला र जनकपुरधाममा स्वागत गरिन्छ।

तृतीया तिथिमा राममन्दिरमा जानकी मन्दिरबाट साधुसन्त र नगरका प्रमुखको उपस्थितिमा तिलकोत्सव (कुरा छिन्ने काम अर्थात् वाग्दान) सम्पन्न हुन्छ। त्यसको भोलिपल्ट चतुर्थी तिथिमा मिथिला परम्परा अनुसार कन्यापक्षका तर्फबाट गरिने 'मटकोर' कर्म गङ्गासागरमा पुगेर निर्वाह गरिन्छ। पञ्चमी तिथिमा राममन्दिरबाट श्रीरामचन्द्रको डोला बाजागाजाका साथ नगरपरिक्रमा गर्दै रङ्गभूमि मैदानमा पुग्छ। त्यहाँ पहिलेदेखि नै जानकी मन्दिरबाट जानकी माताको मूर्ति सुसज्जित मण्डपका साथ मन्दिरका महन्त, साधुसन्त र समाजका प्रबुद्ध नागरिक सम्मिलित सरियाती दल (घरगाउँले समूह वा माइती पक्ष)द्वारा स्वागत अभिवादन गरिन्छ।

त्यसपछि राम मन्दिरबाट पुगेको डोलालाई जानकी मन्दिरबाट पुर्‍याइएको मण्डपद्वारा पाँचपटक परिक्रमा गराएर श्रीरामचन्द्रलाई पुष्पहार अर्पण गरी राम मन्दिरबाट मण्डपतर्फका महन्तबाट जानकीलाई स्वयंवर गरिन्छ। स्वयंवरपछि राममन्दिरको डोला लावालस्करका साथ राममन्दिर फर्कन्छ र त्यसै रात वैवाहिक कार्यक्रम सम्पन्न हुन्छ।

# मधेस प्रदेशः सरकार बनाउन दुवै गठबन्धनलाई जनमत र स्वतन्त्र निर्णायक

जनकपुरधाम, १२ मङ्सिर/रासस

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा मधेस प्रदेशसभामा प्रत्यक्षतर्फ ६३ क्षेत्रको अन्तिम नतीजा आउँदा कुनै राजनीतिक दलले स्पष्ट बहुमत प्राप्त गर्न सकेनन्।

सङ्घमा बनेको गठबन्धन अनुसार मधेस प्रदेशमा पनि नेपाली काङ्ग्रेस नेतृत्वको वाम–लोकतान्त्रिक गठबन्धन र नेकपा एमाले र जनता समाजवादी पार्टी (जसपा)को गठबन्धन थियो। तर यहाँ सरकार बनाउन सक्ने गरी दुवै गठबन्धनको स्पष्ट बहुमत आउन नसकेपछि जनमत पार्टी र स्वतन्त्र उम्मेदवारको भर पर्नुपर्ने निश्चित देखिएको छ। प्रदेशसभामा प्रत्यक्षतर्फका ६३ क्षेत्रको नतीजा आउँदा वाम–लोकतान्त्रिक गठबन्धनमा आबद्ध दलले २८ र एमाले नेतृत्वको गठबन्धनले २२ सिट जितेको छ। अन्तिम नतीजा आउन बाँकी धनुषा ४ (२)मा एमाले उम्मेदवार अगाडि छन्।

वाम–लोकतान्त्रिक गठबन्धनका दलमध्ये काङ्ग्रेसले १३, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले सात, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)ले प्रदेशसभामा चार/चार सिट जितेका छन्। यो गठबन्धनमा काङ्ग्रेसले सप्तरी–३ (१), धनुषा–३ (२), धनुषा–४ (१), सर्लाही–२ (१), सर्लाही–२ (२), सर्लाही–४ (१), रौटहट–१ (१), रौटहट–१ (२), रौतहट–३ (२), पर्सा–२ (१), पर्सा–३ (२), पर्सा–४ (१) र धनुषा १ (१)मा जितेको छ।

त्यसैगरी, लोसपाले पर्सा–२ (२), महोत्तरी–२ (१), महोत्तरी–३ (१), महोत्तरी–३ (२), सर्लाही–१ (१), सिराहा–४ (२) र बारा–४ (२)मा जितेको छ। माओवादी केन्द्रले सर्लाही–४ (२), महोत्तरी–१ (२), रौतहट–४ (१) र पर्सा–१ (१)मा जितेको छ भने एकीकृत समाजवादीले रौतहट–२ (२), सर्लाही–१ (२), सिराहा–३ (२) र सप्तरी–४ (१) मा जितेको हो।

एमाले–जसपा गठबन्धनमा एमालेले १४ र जसपाले नौ स्थानमा जितेको छ। एमालेले सप्तरी–१ (१), सिराहा–१ (१), सिराहा–२ (२), सिराहा–३ (१), धनुषा–१ (१), धनुषा–२ (१), धनुषा–३ (२), रौतहट–२ (१), बारा–१ (१), बारा–३ (१), बारा–४ (१), बारा–३ (२), महोत्तरी १ (१) र महोत्तरी–४ (१)मा जितेको छ। जसपाले धनुषा–२ (२), पर्सा–१ (२), पर्सा–४ (२), बारा–१ (२), रौतहट–४ (२), सर्लाही–३ (२), सिराहा–१ (२), बारा–२ (२) र महोत्तरी–४ (२)मा जितेको हो।

यी दुई गठबन्धनबाहेक जनमत पार्टीले छ र स्वतन्त्र उम्मेदवारले छ क्षेत्रमा जितेका छन्। जनमत पार्टीले सप्तरी–१ (२), सप्तरी–२ (१), सप्तरी–२ (२), सप्तरी–३ (२), सिराहा–४ (१) र सिराहा–२ (१) मा जितेको छ भने स्वतन्त्र उम्मेदवारले पर्सा–३ (१), बारा–२ (१), महोत्तरी–२ (२), रौतहट–३ (१), सर्लाही–३ (१) र सप्तरी–४ (२) मा जितेका छन्।

समानुपातिकतर्फको अहिलेसम्मको मत अनुसार तीन लाख १७ हजार ११४ मतसहित काङ्ग्रेस पहिलो र दुई लाख ८१ हजार ९०२ मतसहित एमाले दोस्रो स्थानमा छन्। त्यसैगरी, जसपाले दुई लाख २७ हजार ४७०, जनमत पार्टीले दुई लाख २१ हजार ८६७, माओवादीले एक लाख ४० हजार ८२८, एकीकृत समाजवादीले ९३ हजार ४६२ र लोसपाले ८० हजार ५८० मत प्राप्त गरेका छन्।

अघिल्लो निर्वाचनमा मधेस प्रदेशसभामा प्रत्यक्षतर्फ सङ्घीय समाजवादी फोरम (हालको जसपा)ले १९ र राष्ट्रिय जनता पार्टी (हालको लोसपा) ले १५ गरी ३४ सिट जितेका थिए। १०७ सदस्यीय मधेस प्रदेशसभामा समानुपातिकसहित जसपाको २९ र लोसपाको २५ सहित स्पष्ट बहुमत थियो। त्यो बेला एमालेको २१, काङ्ग्रेसको १९, माओवादी केन्द्रको ११ र सङ्घीय समाजवादी पार्टी नेपालको एक सिट जोड्दा पनि सरकार बन्ने अवस्था थिएन। अहिले भने यी दुवै गठबन्धनले स्पष्ट बहुमत नल्याएपछि जनमत पार्टी र स्वतन्त्र उम्मेदवारको भर पर्नुपर्ने देखिएको हो।

# मधेसमैं खुम्चिए मधेसवादी दल

जनकपुरधाम, १२ मङ्सिर/रासस

विसं २०६२–६३ को जनान्दोलन अघि काङ्ग्रेस र त्यसयता मधेसवादी दलका उम्मेदवारको आधार क्षेत्र मानिएको मधेस प्रदेशको राजधानी धनुषा–३ जनकपुरधाम क्षेत्रबाट यसपटक नेकपा (एमाले)ले चुनाव जितेको छ । यहाँ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता अनिल झालाई पराजित गर्दै एमाले उम्मेदवार जुलीकुमारी महतो (महासेठ) निर्वाचित भएकी छन्। शुक्रवार (मङ्सिर ९ गते) जनकपुरधामस्थित निधि भवनमा महतो निर्वाचित भएको घोषणा गर्ने कार्यक्रम थियो । धनुषाको त्यही क्षेत्रबाट अघिल्लोपटक मधेस आन्दोलनका मुख्य नेतामध्येका एक राजेन्द्र महतोले नेपाली काङ्ग्रेसका संस्थापक महेन्द्रनारायण निधि र उनका पुत्र काङ्ग्रेस पूर्वउपसभापति विमलेन्द्र निधि परिवारको विरासत भत्काएका थिए ।

यता झा, निर्वाचनमा पराजय भएको औपचारिक घोषणा हुँदै गर्दा, उता यही क्षेत्र छोडेर सर्लाही–२ पुगेका राजेन्द्र महतोले निकै चुनौतीको सामना गरिरहेको खबर आइरहेका थिए। महतोलाई चुनौती दिने नेता थिए, मधेस आन्दोलनका अगुवा महेन्द्रराय यादव । मधेसी नागरिकलाई सङ्गठित गरी अधिकारको आन्दोलनमा लामबद्ध गर्नेमध्येका मुख्य नेता तत्कालीन मधेसी जन अधिकार फोरमका संस्थापक र अहिलेको जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवले पराजय बेहोरेको घोषणा भइसकेको थियो, त्यो पनि मधेस अधिकार आन्दोलनकै नाराले उदाएका डा सिके राउतबाट। उता महतो आफ्नै सहकर्मीबाट हार्दै थिए, यता झा आफ्नै सहयात्री दल जसपाकै असहयोगले हार्दै थिए ।

"भाइ फुटे गँवार लुटे भनेको यही त रहेछ हजुर"–अन्तिम चुनावी परिणाम सुनिरहेका जनकपुरधाम–३ का ६१ वर्षीय राजेन्द्र भगत भन्दैथिए–"यति छिट्टै यस्तो होलाजस्तो लागेको थिएन ।" उनले मधेसमा एकल सरकार बनाउन सक्ने हैसियत बनाएका दल रक्षात्मक अवस्थामा पुगेको देखेर निकै दुःख लागेको बताए । 'खुशी हुने कि दुःखी' अन्योलमा थिए, जनकपुरधाम–१ का ६५ वर्षीय धनीवीर दास पनि । "हिजो हामी पनि उहाँहरू सँगसँगै लडेको हो, अधिकारका लागि तर अहिले सबै अलगअलग हुनुहुन्छ"–उनले भने–"त्यसको फाइदा त अरूले उठाए नि ! यो दुःखद हो ।"

जनकपुधाम–४ का ५८ वर्षीय फुलगेन साहले अहिलेको परिणामले आश्चर्य नलागे पनि मधेस आन्दोलनका नेताहरूले चुनाव हारेकोमा नराम्रो लागेको प्रतिक्रिया दिए। "राम्रो त भएन तर के गर्नु जनता रिसाएपछि", साह भन्छन्–"अधिकारको नाराले मात्रै केही हुँदैन, अवसर पाएको बेला काम गर्नुपर्‍यो नि।" सोही ठाउँका २१ वर्षीय अनुराज झा पनि यस्तै भन्दै थिए–"जनता बदलाव चाहन्छ, अवस्थामा बदलाव । न बदलाव भयो न नेताहरू बदलिए, न उनीहरू एक ठाउँमा भए । त्यसैले परिणाम यस्तो आयो ।"

देशभर चुनावको अन्तिम परिणाम आउने क्रममा छ। मधेस प्रदेशमा पनि चुनावी चित्र प्रस्ट भइसकेको छ 'अरू चम्किए, मधेसवादी खुम्चिए' । यो परिणामका विविध पाटाको समीक्षा हुँदै जानेछ । मधेस प्रदेशको राजधानी जनकपुरधाम धनुषामा भने मतगणनाको प्रारम्भिक नतीजासँगै बहस शुरू भइसकेको छ । यहाँका युवादेखि वृद्ध, व्यापारीदेखि ग्राहक, जागिरेदेखि बुद्धिजीवी सबै यसपालिको निर्वाचन परिणामप्रति चासो व्यक्त गरिरहेका छन्।

**मधेस आन्दोलनका महारथी एक जिते, दुई हारे**

भनिन्छ चुनावमा हारजीत स्वाभाविक हो। देशभरि पटकपटक मन्त्री र पार्टी सत्तामा पकड भएका नेताहरू पनि राजनीतिको कखरा सिक्दै गरेकाहरूबाट पराजित भएका छन् । मधेसमा पनि त्यस्तै तर केही फरक भएको छ ।

मधेस राजनीतिका तीन महारथी महन्थ ठाकुर, उपेन्द्र यादव र राजेन्द्र महतोमध्ये एकजना मात्रै जिते। ठाकुरले महोत्तरी ३ मा हिजोको सहयात्री दल जसपाका उम्मेदवार हरिनारायण यादवलाई पराजित गरेका छन्। महतोले सर्लाही २ मा लामो समय सहयात्रा गरेका महेन्द्रराय यादवबाट हार बेहोर्नुपरेको छ। यादवले सप्तरी २ मा मधेसीकै मुद्दाले स्थापित जनमत पार्टीका अध्यक्ष डा सिके राउतबाट पराजय हुनुपरेको छ। त्यसैले पनि मधेसको हार र जीत दुवै विशेष छ, यहाँ हार्ने आफ्नै, हराउने पनि आफ्नै।

विश्लेषक रोशन जनकपुरी पनि अरू ठाउँभन्दा मधेसको हारजीत फरक र विशेष रहेको बताउँछन्। "मधेसकै मुद्दा उठाएर स्थापित हुन खोजेको जनमत पार्टीले जनमत बढाउँदै गएको छ, हार्ने ठाउँमा पनि यिनै दलका उम्मेदवार निकटतम प्रतिस्पर्धी छन्"–उनले भने–"आपसमा लडेपछिको परिणाम यस्तै त हुन्छ ।" उनले मधेसवादी दलले अवसर पाएका बेला जन अपेक्षा अनुसार काम गर्न नसकेकोले जनविश्वास भड्किंदै गएको बताए । "हिजोका मुद्दा यथावत् छन्, मधेसवादी दलहरूमा राजनीतिक चरित्र अस्थिर रह्यो, त्यसकै प्रतीकात्मक अभिव्यक्ति हो अहिलेको परिणाम", जनकपुरी भन्छन्–"जनतामा के मा र किन मत दिने भन्ने द्विविधा त थियो नै, मत विभाजित भएपछि अरूले फाइदा उठाए ।"

अर्का विश्लेषक डा राजेन्द्र विमल पनि मधेसवादी दलहरूले यहाँबाट आर्जित शक्तिलाई मधेसका मुद्दा सम्बोधन गर्नेतर्फ सहीरूपमा प्रयोग नगरेकै कारण जनताले आशा र निराशासहित अभिमत जाहेर गरेको बताए । "अहिले देशभरि जनता आक्रामक छ, यहाँका नेताहरूले पनि मधेसका जनताको भावना बुझ्न सकेनन्"–डा विमलले भने–"मधेसका मुद्दा सम्बोधन गर्न इमानदार प्रयत्न नभएको लागेरै जनताले यस्तो गरेको हुन सक्छ ।"

यसपालि मधेस आन्दोलनका सहयात्री दलहरू फरकफरक कित्तामा उभिएका कारण त हुँदै हो, विगत पाँच वर्षमा प्रदर्शन गरेको अस्थिर राजनीतिक चरित्र पनि मधेसवादी दलहरूलाई महँगो परेको धेरैको बुझाइ छ। हुन पनि विसं २०७४ मा गठबन्धन र पछि पार्टी एकता गरेका नेताहरू सत्ता राजनीतिकै कारण फेरि फुटे । उम्मेदवारी दर्ताको केही दिन अघिसम्म सत्ता गठबन्धनमा रहेको जनता समाजवादी पार्टी अन्तिम समयमा प्रतिपक्षी एमाले कित्तामा गयो। एमाले कित्तामैं रहेको लोकतान्त्रिक समाजवादी पार्टीले सत्ता गठबन्धनसँग सहकार्य गर्‍यो। पुराना सहयात्रीको यही व्यवहारलाई जनताले मन नपराएको डा सुरेन्द्र लाल बताउँछन् ।

उनले राष्ट्रिय पार्टी र मधेसवादी दलबीच फरक नछुटेकै कारण मधेसका जनता पनि विभाजित भएको बताए । "हुनत काठमाडौंमा जे भयो मधेसमा पनि त्यही भयो"–डा लालले भने–"फेरि किन मत हाल्ने भन्नेबारे जनतालाई आश्वस्त पार्न नसकेपछि हुने यस्तै हो ।"

**पुरानै पार्टीतिर फर्कियो जनमत**

पाँच वर्ष अघि तत्कालीन सङ्घीय समाजवादी फोरम (हालको जसपा) र राष्ट्रिय जनता पार्टी (हालको लोसपा) ले आफ्नै बलबुतामा प्रतिनिधिसभाका ३२ मध्ये १९ र प्रदेशसभामा ६४ मध्ये ३४ सिट जितेका थिए। त्यसबेला सङ्घीय समाजवादी फोरमले प्रतिनिधिसभामा नौ र प्रदेशमा १९ तथा राजपाले प्रतिनिधिसभामा १० र प्रदेशमा १५ स्थानमा जितेको थियो । यसपटक भने फरक कित्तामा रहेका यी दुई पार्टीमध्ये जसपाले प्रतिनिधिसभामा छ र लोसपाले तीन गरी नौ स्थानमा जीत निकालेका छन्। त्यसैगरी प्रदेशसभामा क्रमशः नौ र सात गरी १६ स्थान जितेका छन् ।

यी दुई पार्टीले समग्रमा प्रतिनिधिसभामा नौ र प्रदेशसभामा १८ सिट गुमाएका छन् । यी सिटमध्ये मधेसवादी दल जनमत पार्टीले प्रतिनिधिसभाको एक र प्रदेशसभाको छ स्थान ओगटेको छ। समग्रमा जसपा र लोसपाबाहेकका पार्टी तथा स्वतन्त्रले प्रतिनिधिसभाका २३ र प्रदेशसभाका ४८ स्थान आफ्नो पक्षमा पारेका छन्। जबकि अघिल्लो पटक प्रतिनिधिसभामा र प्रदेशसभामा क्रमशः दुई र १४ स्थानमा जितेको एमाल यो पटक प्रतिनिधिसभामा आठ र प्रदेशसभामा १४ स्थान जितिसकेको छ।

प्रदेशसभाको परिणाम आउन बाँकी एक सिटमा एमाले उम्मेदवार अगाडि छन् । त्यसैगरी अघिल्लोपटक प्रतिनिधिसभामा छ र प्रदेशसभामा नौ सिटमै चित्त बुझाएको काङ्ग्रेसले योपटक प्रतिनिधिसभामा एक सिट बढाएर सात र प्रदेशमा चार सिट बढाएर १३ पुर्‍याएको छ।

प्रतिनिधिसभाको परिणाम आउन बाँकी एक सिटमा काङ्ग्रेस उम्मेदवार अगाडि छन्। मधेसवादी दल मात्रै होइन, अरू पार्टीभन्दा मधेस पक्षधर भनिएको माओवादी केन्द्रले पनि प्रतिनिधिसभामा अघिल्लोपटक जितेको (पाँच) सिटबाट चार र प्रदेशमा (अघिल्लोपटक छ) दुई सिट गुमाएर चार सिटमा चित्त बुझाएको छ । यसबाहेक एमाले विभाजन गरेर बनाइएको माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीले प्रतिनिधिसभाका दुई र प्रदेशसभाका चार स्थान सुरक्षित गरेको छ।

सङ्ख्यात्मकरूपमा अब सबै मधेसवादी दलहरू मिलेर पनि प्रदेश सरकार बन्ने अवस्था गुमेको छ । अघिल्लोपटक जसपा र लोसपा मिलेर एकल सरकार बनेको थियो । देशमा राजनीतिक उथलपुथल हुँदा पनि जसपा नेतृत्वको मधेस सरकारका मुख्यमन्त्री लालबाबू राउतले पाँचै वर्ष सरकार चलाएका थिए । तर अब मूलधारका राष्ट्रिय पार्टीको सहयोगविना सरकार बन्न नसक्ने अवस्था आएको छ ।

**आशा र निराशाको अभिव्यक्ति**

विश्लेषक जनकपुरी मधेसमा मधेसवादी पार्टी र समग्रमा मधेस र उत्पीडित जनताको पक्षधर मानिएको माओवादी शक्ति कमजोर हुनुको सङ्केत राम्रो नभएको बताउँछन् । "मधेसको कुरा गर्दा मधेसवादी दलमा आएको मत फेरि पुरानै पार्टीतिर फर्किन शुरू भएको छ । समग्रमा परिवर्तनका पक्षधर दलप्रतिको आक्रोश मतदानबाट पनि पोखिएको छ"–उनले भने। उनले मधेसी तथा परिवर्तनकारी जनतामा संवेदना बाँकी नै रहेकोले हिजो गरिएका वाचा पूरा गर्न र गुम्न थालेको साख फर्काउन इमानदार प्रयत्न गर्न लाग्नु नै दलका लागि हितकर हुने बताए ।


विश्लेषक डा राजेन्द्र विमलले नयाँ पुस्ता र नयाँ पार्टीको उदयलाई देशले परिवर्तन चाहेको अर्थमा बुझ्न सकिए पनि राष्ट्रिय एकता र परिवर्तनको मुद्दा बोक्ने कमजोर हुँदै जानु राम्रो नभएको बताए । "अहिलेको परिणाम आशा र निराशाको सम्मिश्रण मात्रै हो। नेता र दलहरू नबदलिए जनता त बदलिन्छ नै"–डा विमलको भनाइ छ–"अविश्वासले आक्रोशको रूप लिनु अघि नै हामी सबै बदलिन जरूरी छ। पक्कै सुन्दर बिहानी आउँछ। अँध्यारो पक्ष मेटिँदै जान्छ।"

विश्लेषक डा सुरेन्द्र लालले पनि अहिलेको परिणामले मधेसवादी र परिर्वतनकारी शक्तिहरूले आफूलाई रूपान्तरण गर्न जरूरी रहेको बताए । जे गरे पनि जनताले मत हालिहाल्छ भन्ने मनोविज्ञानलाई अहिलेको परिणामले बदल्न चेतावनी मात्रै दिएको भन्दै डा लालले बाँकी समय पनि नेताहरू नसुध्रिए दलमा समस्या हुने बताए । "सत्ता र शक्तिका लागि आजसम्म भएका क्रियाकलापले सबै एकै त हुन् भन्ने अवस्था बनेको छ । राष्ट्रिय पार्टी र मधेसवादी दलहरूको फरक छुट्टिएन । जनजीविका, सामाजिक रूपान्तरण र समृद्धिका मुद्दा नारामैं सीमित भए"–डा लालले भने–"अब आर्थिक–सामाजिक रूपान्तरण र समृद्धिका लागि कार्यशैली बदल्न जरूरी भइसकेको छ । नभए जनताका अगाडि सधैं विकल्प हुन्छ ।"

देशभरको अवस्था हेर्दा राष्ट्रिय स्वतन्त्र पार्टी सोचेभन्दा बढी नै फैलिएको छ । परम्परागत शक्ति राप्रपाले पहिलेभन्दा बढी शक्ति सञ्चय गरेको छ।

मधेसमा पनि पुरानै पार्टीहरूको पुनरोदय शुरू भएको छ। यद्यपि जनमत पार्टीले यहाँ पनि नयाँ उचाइ लिएको छ। कुनै बेला मधेस विरोधी पार्टी भन्ने गरिएको एमाले अहिले यस प्रदेशमा सबैभन्दा ठूलो पार्टीका रूपमा स्थापित हुँदैछ। मधेसवादी दल तेस्रो/चौथो स्थानमा खुम्चिँदैछन्।

## नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट




काठमाडौं, १२ मङ्सिर/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज दोहोरो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १५ दशमलव ६१ अङ्कले ओरालो लागेर एक हजार ९५० दशमलव ३७ मा ओर्लिएको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ६५ अङ्कले ओरालो लागेर ३८२ दशमलव ६१ मा सीमित भएको छ। कुल २३६ कम्पनीको ३७ लाख ६१ हजार २९९ कित्ता शेयर रु एक अर्ब ४९ करोड ४३ लाख ९४ हजार ६१३ मूल्यमा खरीद–बिक्री भए । कारोबार भएका कुल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्य उकालो लाग्दा ११ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ ।

कारोबारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा छ। सो कम्पनीको रु १६ करोड ४६ लाख ४२ हजार ७०५ मूल्यमा कारोबार भयो। नबिल बैंक रु सात करोड २४ लाख ५८ हजार ४०४, शिवम् सिमेन्ट रु छ करोड १६ लाख ६२ हजार ७४८, एभरेस्ट बैंक रु पाँच करोड ९८ लाख ३१ हजार ८६१ र साइन रेसुङ्गा डेभलपमेन्ट बैंक रु पाँच करोड ८८ लाख ४४ हजार ३८५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार खप्तड लघुवित्त आठ दशमलव १८, गरिमा विकास बैंकको ऋणपत्र छ दशमलव ११, नेपाल ल्यूब आयल छ दशमलव शून्य नौ, सिटिजन म्युचुअल फन्ड तीन दशमलव ८८ र लक्ष्मी उन्नति कोषका लगानीकर्ताले तीन दशमलव १६ प्रतिशतले कमाएका छन् ।

त्यस्तै, सिनर्जी पावर डेभलपमेन्ट चार दशमलव ५६, ओरियन्टल होटल चार दशमलव ३१, जानकी फाइनान्स तीन दशमलव ९६, नेपाल एसबिआई बैंकको ऋणपत्र तीन दशमलव ९६ र सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम दोस्रोका लगानीकर्ताले तीन दशमलव ९१ प्रतिशतले गुमाएका छन् ।

## फरक समाचार

### ढोकामा अड्किएर चोरको मृत्यु

भारतको वाराणसीका एउटा पावरलूममा चोरी गर्ने नियतले पसेको एकजना युवकको मृत्यु भएको छ। चोरको टाउको पावरलूमको ढोकामा अड्कियो जसले



गर्दा चोरको मृत्यु भयो ।

बिहान चोरलाई ढोकामा टाँसिएको देखेपछि स्थानीयले प्रहरीलाई जानकारी दिएका थिए। सारनाथ थाना क्षेत्रको दानियालपुरको ताडीखानास्थित पावरलूम दुई दिनदेखि बन्द थियो । शनिवार राति दानियालपुर निवासी जावेद चोरी गर्ने नियतले पावरलूममा प्रवेश गरिरहेका थिए । प्रहरीका अनुसार जब जावेद ढोकाबाट भित्र पस्ने प्रयास गरिरहेका थिए, त्यतिबेला उनको घाँटी अड्क्यो जसले गर्दा उनको मृत्यु भयो ।

भनिन्छ जावेद सानोतिनो चोरीको घटनामा पक्राउ पर्दै आएका थिए । सो बेला पनि उनी चोरी गर्ने उद्देश्यले पावरलूममा प्रवेश गर्न खोजेको हुन सक्छ । जावेदकी पत्नी तरन्नुम रातभरि पतिको प्रतीक्षामा थिइन् र बिहान पतिको मृत्युको खबर सुनेपछि बेहोश भइन् ।

### जाडोमा लसुनको फाइदा

जाडो मौसम शुरू भइसकेको छ। यस मौसममा चीसो लाग्ने, फ्लु हुने र मौसमी रोगले सताउने गर्छ । तसर्थ यस मौसममा यस्तो आहार सेवन गर्नुपर्छ जसले ऊर्जा पनि देओस् र स्वस्थ पनि बनाओस् । जाडोमा तातो र न्युट्रिशन आहार सेवन गर्नुपर्छ। जसमध्ये लसुन पनि हो। लसुनको गन्ध र स्वाद राम्रो हुन्छ र यसले खानाको स्वाद पनि बढाउँछ । जाडोमा लसुन निकै गुणकारी हुन्छ।



हेल्थलाइन अनुसार जाडोमा लसुनको सेवनबाट चीसो लाग्ने, घाँटी खसखसाउने, खोकीजस्ता समस्या टाढा राख्न मदत मिल्छ। जाडोमा मानिसको वजन बढ्छ तर लसुनको सेवनबाट वजन घटाउन सकिन्छ। लसुनमा हुने एन्टिअक्सिडेन्टले हाम्रो शरीरलाई डिटक्स गर्न र स्वस्थ मेटाबोलिज्म बढाउन मदत गर्छ।

लसुनमा हुने एन्टि इन्फेमेटरी प्रोपटिजले रेस्पिरेटरी र फोक्सोको स्वास्थ्यलाई सही राख्न सहायता गर्छ। जाडोमा प्रायः ज्वरो, कन्जेशन र घाँटी खसखसाउने समस्या भएपछि लसुनको नियमित सेवन गर्नुपर्छ । लसुनले हाम्रो छाला र कपालको स्वास्थ्य पनि सही बनाउँछ साथै मुटुरोगमा पनि फाइदाजनक हुन्छ । यदि लसुन काँचै खान सक्नुहुन्न भने यसलाई महमा मिसाएर खान सकिन्छ। साथै तरकारीको झोलमा मिसाएर पनि यसको सेवन गर्न सकिन्छ।

### मोबाइल गेमको लत खतरनाक साबित हुँदै

भारत, बिहारको गोपालगंजमा आमाले हपारेपछि रिसाएर गुड्डु नामक एकजना युवकले क्षयरोगको २४ वटा चक्की खाए त्यसपछि उनी बेहोश भए । परिवारले उनलाई सदर अस्पतालमा भर्ना गरेको छ, उनको इमर्जेन्सीमा उपचार



भइरहेको छ ।

भनिन्छ गुड्डुलाई अनलाइन गेमको लत लागेको थियो, यसका लागि उनकी आमाले उनलाई हपारिन् । गुड्डुले रिसाएर मोबाइल फोडिदिए । त्यसपछि बहिनीको मोबाइलमा गेम खेल्न थाले। बहिनीले विरोध गरेपछि बहिनीलाई कुट्न थाले । शनिवार गुड्डुकी बहिनीले आमालाई सबै कुरा बताएपछि आमाले उनलाई निकै हपारिन र मोबाइल छिनिन्। यस कुराबाट गुड्डु निकै रिसाए र घरमा राखेको क्षयरोगको २४ वटा चक्की खाइदिए । क्षयरोगको औषधि खाएपछि उनको अवस्था बिग्रिन थाल्यो, तत्काल उनलाई अस्पतालमा भर्ना गरियो। उनको उपचार भइरहेको छ।

घटनापछि सदर अस्पतालका चिकित्सा पदाधिकारी डा सनाउल मुस्तफाले भने– मोबाइलमा अनलाइन गेम खेल्नु खतरनाक हुँदै गइरहेको छ । हालै यस प्रकारको केस सदर अस्पतालमा आइरहेको छ, यस्तोमा चिकित्सकले अभिभावकलाई आफ्ना बालबालिकालाई मोबाइल गेमबाट टाढा राख्न अपील गरेका छन्। विशेषगरी बच्चामा मोबाइलको लत ठूलो समस्या बन्दै गइरहेको छ जसले गर्दा बच्चाहरू आक्रामक र झन्कने स्वभावका हुँदै गइरहेका छन्।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# होटल घेराबन्दीमा चारजनाको मृत्यु



राष्ट्रपति भवननजीकैको होटल। तस्वीरः एएफपी

मोगादिसु, १२ मङ्सिर/एएफपी

सोमालियाको राजधानी मोगादिसुको एक लोकप्रिय होटलमा रातभर घेराबन्दी गर्ने अल-शबाब लडाकूहरूले गरेको आक्रमणमा कम्तीमा चारजनाको मृत्यु भएको एक सुरक्षा निकायका अधिकारीले जानकारी दिएका छन्।

आतङ्कारीहरूले राष्ट्रपति भवननजीकैको होटलमा गोली प्रहार गरेको १२ घण्टाभन्दा बढी समयपछि पनि गोली र विस्फोटको आवाज सुनिएको थियो।

बन्दुकधारीहरू सरकारी सेनाले घेरिएको होटलको एउटा कोठामा लुकेको राष्ट्रिय सुरक्षा निकायका एक अधिकारी मोहम्मद दाहिरले बताए।

"अहिलेसम्म हामीले चारजनाको मृत्यु भएको पुष्टि गरेका छौं," उनले भने।

अहिलेसम्म घेराबन्दी गरिएको स्थानबाट अन्यको उद्धार गरिएको छ। छिट्टै अवस्था सामान्यमा फर्किने र सरकारी अधिकारीहरूसमेत घाइते भएको उनले बताए।

सोमालियाका राष्ट्रपति हसन शेख मोहम्मदको कार्यालयबाट केही ब्लकको दूरीमा रहेको राजधानीको सुरक्षित मध्यभागमा रहेको भिल्ला रोजमा बारम्बार सांसदहरू आउने गरेका बताइएको छ।

विगत १५ वर्षदेखि सोमालियाको केन्द्रीय सरकारलाई ध्वस्त पार्ने प्रयास गरिरहेको अल-कायदासँग आबद्ध आतङ्कवादी समूह अल-शबाबले आक्रमणको जिम्मेवारी लिएको छ।

आतङ्कारीहरूले होटलको गेट र परिसरमा विस्फोट गराएका थिए। सोमवार बिहान प्रहरी सो होटलमा प्रवेश गरेको र उद्धारको काम शुरू भएको बताइएको छ।

सोमालियाका अल-शबाब आतङ्कारीहरूले पछिल्लो समयमा सुरक्षाकर्मी, सर्वसाधारण नागरिक एवं विभिन्न भौतिक संरचनाहरूमा पनि आक्रमण गर्ने गरेका छन। रासस

# जीप खस्दा छजनाको मृत्यु, आठजना घाइते

मुजफ्फराबाद, १२ मङ्सिर/सिन्हवा

मतदाता बोकेका एक जीप पाकिस्तान नियन्त्रित काश्मीर (पिओके)को नीलम उपत्यकामा नालामा खस्दा छजनाको मृत्यु हुनुका साथै अन्य आठजना घाइते भएको डन पत्रिकाले आइतवार जानकारी दिएको छ।

यस घटनामा परी मृत्यु हुनेमा छजना महिला रहेको स्थानीय प्रहरीले जनाएको छ। दुधनियालको छारी इलाकामा आइतवार दिउँसो करीब १२:३० बजे जीप तीन सय फिट गहिरो सुक्खा नालामा खसेको जिल्ला विपद् व्यवस्थापन अधिकृत अख्तर अयुबलाई उद्धृत गर्दै डनले जनाएको छ।

गाडीले क्षमताभन्दा धेरै मानिस बोकेको अयुबले थप जानकारी दिए। दुर्घटनामा घाइते भएकाको अवस्था पनि गम्भीर रहेको बताइएको छ। यात्रीहरू नीलम खोलाको छेउमा रहेको ठान्डा पानी गाउँका बासिन्दा रहेको र नजीकैको मतदान केन्द्रमा आएका थिए। घाइतेहरूलाई दुधनियाल आधारभूत स्वास्थ्य एकाइमा लगिएको थियो। पाँचजना गम्भीर घाइते भएकाले थप उपचारका लागि मुजफ्फराबाद पठाइएको थियो। रासस

### बैंक तथा.........

वित्तीय संस्थालाई राष्ट्र बैंकले कारबाईसमेत गर्नेछ। तरलता अभाव समस्याले कर्जा विस्तारमा समेत नकारात्मक असर देखिएपछि राष्ट्र बैंकले लचक नीति अपनाएको हो। राष्ट्र बैंकको नीति अनुसार वाणिज्य बैंकले आफ्नो कुल कर्जा लगानीमा २०८० असार मसान्तसम्म १३ प्रतिशत, २०८१ असार मसान्तसम्म १४ प्रतिशत र २०८२ असारसम्म १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा गरिसक्नुपर्छ।

विसं २०७९ असोजसम्ममा वाणिज्य बैंकले कृषि क्षेत्रमा रु पाँच खर्ब १९ अर्ब ५७ करोड अर्थात् कुल प्रवाह भएको कर्जाको १२ दशमलव ३८ प्रतिशत कर्जा प्रवाह गरेका छन्। चालू आर्थिक वर्षको अन्त्यसम्ममा यस्तो कर्जा कुल कर्जा रकमको १३ प्रतिशत पुगिसक्नुपर्ने र नपुगेमा हर्जना तिर्नुपर्ने हुन्थ्यो।

त्यस्तै, वाणिज्य बैंकले कुल कर्जा लगानीको निश्चित प्रतिशत ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्छ। 'क' वर्गका बैंकले २०८० असार मसान्तसम्म सात प्रतिशत, २०८१ असार मसान्तसम्म आठ प्रतिशत र २०८२ असार मसान्तसम्म १० प्रतिशत कर्जा ऊर्जा क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ। चालू आर्थिक वर्षको असोज मसान्तसम्ममा उनीहरूले ऊर्जा क्षेत्रमा रु दुई खर्ब ४५ अर्ब नौ करोड अर्थात् पाँच दशमलव ८४ प्रतिशत मात्रै कर्जा प्रवाह गरेको देखिन्छ।

त्यसैगरी, वाणिज्य बैंकले कुल कर्जा लगानीको न्यूनतम २०८० असार मसान्तसम्म १२ प्रतिशत, २०८१ असार मसान्तसम्म १३ प्रतिशत र २०८२ असार मसान्तसम्म १५ प्रतिशत कर्जा लघु, घरेलु, साना एवं मझौला उद्यमका क्षेत्रमा गरिसक्नुपर्छ। गत असोज मसान्तसम्ममा यस्तो कर्जा विस्तार रु तीन खर्ब ९८ अर्ब २१ करोड अर्थात् नौ दशमलव ४९ प्रतिशत बराबर छ। यसमा रु एक करोडभन्दा कम रकमका कर्जा तथा प्रत्यक्षरूपमा प्रवाह भएका विपन्न वर्ग कर्जा पनि समावेश गरिएको छ।

राष्ट्र बैंकको नीति अनुसार विकास बैंकले २०८० असार मसान्तसम्म कुल कर्जा लगानीको १९ प्रतिशत र २०८१ असार मसान्तसम्ममा २० प्रतिशत कर्जा कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ। गत असोज मसान्तमा 'ख' वर्गका वित्तीय संस्थाले उक्त क्षेत्रमा औसत २६ दशमलव ११ प्रतिशत अर्थात् रु एक खर्ब १३ अर्ब ८० करोड बराबर कर्जा लगानी गरेका छन्।

त्यसैगरी, वित्त कम्पनीले २०८० असार मसान्तसम्म कुल कर्जा लगानीको १४ प्रतिशत कर्जा कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकामा २०७९ असोज मसान्तमा उक्त क्षेत्रमा औसत २१ दशमलव २२ प्रतिशत बराबर कर्जा प्रवाह भएको छ। त्यो रकम रु १८ अर्ब ३७ करोड बराबर हो।

बैंक तथा वित्तीय संस्थाले आफ्नो कुल कर्जा सापटको न्यूनतम पाँच प्रतिशत कर्जा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था पनि राष्ट्र बैंकले गरेको छ। गत असोज मसान्तमा वाणिज्य बैंकहरूले औसत छ दशमलव सात प्रतिशत, विकास बैंकले ११ दशमलव पाँच प्रतिशत र वित्त कम्पनीले सात दशमलव चार प्रतिशत कर्जा विपन्न वर्गमा लगानी गरेका छन्।

## आजको राशिफल

| | |
|---|---|
| मेष — सफलता | वृष — राज्यलाभ |
| मिथुन — रोगभय | कर्कट — व्यापारवृद्धि |
| सिंह — शत्रुपराजय | कन्या — ज्ञानोदय |
| तुला — भयचिन्ता | वृश्चिक — मित्रमिलन |
| धनु — अतिथिआगमन | मकर — सुयश |
| कुम्भ — बेचैनी | मीन — धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

सडकमा चौपायालाई छाडा नछोडौं,
दुर्घटना हुनबाट जोगाऔं।

वीरगंज महानगरपालिका कार्यालय


# देवीदेवताहरूको कला प्रदर्शनी



तस्वीर सौजन्यः भा.दूतावास

प्रस, वीरगंज, १२ मङ्सिर/

नेपालस्थित भारतीय दूतावासका राजदूत नवीनकुमार श्रीवास्तवले सोमवार काठमाडौंमा नेपालका देवीदेवताहरूको कला प्रदर्शनीको उद्घाटन गरेका छन्।

हस्तकला महासङ्घका अध्यक्ष प्रचण्ड शाक्य, नेपाल कला परिषद्का अध्यक्ष सागर शमशेर जबरा, ललितपुर एवं काठमाडौं महानगरपालिकाका उपप्रमुखद्वय मञ्जली शाक्य तथा सुनीता डङ्गोलको उपस्थितिमा आज राजदूत श्रीवास्तवले नेपाल कला परिषद्को ६०औं वार्षिकोत्सव र नेपाल हस्तकला महासङ्घको ५०औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रमको उद्घाटन गरेका हुन्। हिजोदेखि सञ्चालित प्रदर्शनी मङ्सिर २४ गतेसम्म नेपाल कला परिषद्मा सञ्चालन हुने बताइएको छ।

नेपालस्थित भारतीय दूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले आज र भोलि "भारत र नेपालका देवीदेवताहरूको प्रतिमाको अभिव्यक्ति" नामक दुई दिने लेक्चर सिरिजको आयोजना गरेको छ।

# विपद् पूर्वतयारीबारे अभिमुखीकरण

बलिराम शुक्ला, बिरुवागुठी, १२ मङ्सिर/

पर्सागढी नगरपालिकामा सोमवार विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सडक दुर्घटना, जलवायु परिवर्तनबारेमा जानकारी गराइएको थियो।

कार्यक्रममा विपद् पूर्वतयारी तथा



तस्वीरः प्रतीक

स्थानीय तह शिक्षा समूह गठन, परिचालन समन्वय र अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

प्रदेश शिक्षा समूह मधेस प्रदेशको आयोजनामा भएको कार्यक्रमको अध्यक्षता पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले गरेका थिए। नगरप्रमुख पाठकले भवितव्यबाट हुने कुनै पनि प्राकृतिक दुर्घटना दिन गनेर नआउने हुँदा यसबाट बचन पूर्वतयारीको लागि नगरपालिका जस्तोसुकै कार्य गर्न तयार रहेको बताए।

कार्यक्रममा भूकम्प, बाढी-पहिरो, प्रतिकार्यका लागि नगरस्तरीय समितिसमेत गठन गरिएको छ। उपप्रमुख पूजा चौधरीको संयोजकत्वमा गठन गरिएको यस समितिमा रेडक्रस, आसमान नेपाल, निजी विद्यालय, सामुदायिक विद्यालय, बालबालिका शाखा, सामुदायिक विद्यालय व्यवस्थापन समिति, शिक्षा विकास एकाइ, वडास्तरीय विपद् व्यवस्थापनबाट एक/एक जना रहने गरी समिति गठन गरिएको नगरप्रमुख पाठकले बताए। कार्यक्रमको सहजीकरण गणेशकुमार विक र प्रदीप चौरसियाले गरेका थिए।

# सहयात्री बचतको चियापान कार्यक्रम



तस्वीरः प्रतीक

बलिराम शुक्ला, बिरुवागुठी, १२ मङ्सिर/

सहयात्री बचत तथा ऋण सहकारी संस्था लि, सबैयाको १४औं स्थापना दिवसको अवसरमा सोमवार बिहान चियापान कार्यक्रम सम्पन्न भएको छ।

पर्सागढी नगरपालिका-४ सबैयामा रहेको संस्थाको प्राङ्गणमा भएको चियापान कार्यक्रममा शुभकामना आदानप्रदान भएको थियो। कार्यक्रममा पर्सागढी नगरपालिका-४ का अध्यक्ष शेख खुर्सेद, संस्थाका कर्मचारी, शेयरधनी, बचतकर्ताहरूको उपस्थिति रहेको संस्थाका संस्थापक वीरेन्द्रराज कँडेलले जानकारी दिए।

# घरगोठमा आगलागी

प्रस, गरुडा, १२ मङ्सिर/

रौतहट सदरमुकाम गौरस्थित एक घरमा आगलागी भएको छ। गौर नगरपालिका-४ टिकुलियाका प्रीतम पासवानको गोठमा आगलागी भएको हो। पशु चौपाया बाँध्ने गोठमा लामखुट्टे धपाउन बालिएको घुरबाट घरमा आगो सल्केको प्रारम्भिक अनुमान गरिएको छ। जाडोको मौसम भएकोले ग्रामीण क्षेत्रका अधिकांश घरमा आगो ताप्न घुर बाल्ने गरिएको छ। घुरबाट पनि आगो सल्केको हुन सक्ने प्रहरीको भनाइ छ।

आगोले गोठमा रहेका केही खसी, पाडो र चौपाया जलेको बताइएको छ। आगलागीबाट भएको क्षतिको पूर्ण विवरण आउन बाँकी छ तर लाखौंको क्षति भएको पूर्वानुमान गरिएको छ। आगो लागेको जानकारी पुग्नासाथ गौर नगरपालिकाको दमकल तथा प्रहरीको टोली घटनास्थल पुगेको थियो। स्थानीयवासीको सहयोगमा प्रहरी र दमकलले आगो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ।

### ठक्करबाट व्यापारी....

व्यापारी साहलाई गौर अस्पतालमा पुर्याएको तथा ठक्कर दिने सवारीसाधन र चालकलाई प्रहरीले नियन्त्रणमा लिन नसकेको भनी आफन्तहरूको सहभागितामा गरुडा बजार व्यवसायीहरूले बन्द गराएका थिए। बीच सडकलाई नै अवरुद्ध पारी स्थानीय सबै पसल पनि बन्द गराएका व्यवसायीहरूले ठक्कर दिने सवारीसाधन र चालकलाई तत्काल नियन्त्रणमा लिनुपर्ने माग राखेका थिए।

गरुडा नगरपालिकाका प्रमुख कन्थमणिप्रसाद कलवारसमेतको रोहबरमा इप्रका, गरुडामा पीडित परिवारसँग छलफल भएपछि अवरुद्ध सडक र पसलहरू सञ्चालनमा आएका थिए।

४८ घण्टाभित्र प्रहरीले ठक्कर दिने सवारीसाधन तथा सवारी चालकको बारेमा अनुसन्धान गरी कानूनी दायरामा ल्याउने सहमति भएको नगरप्रमुख कलवारले जानकारी गराएका छन्।

सडक अवरुद्ध पारी स्थानीयवासी प्रदर्शनमा उत्रेपछि नेपाल प्रहरी तथा सशस्त्र प्रहरी व्यापक मात्रामा परिचालन गरिएको थियो।

सोमवार साँझदेखि गरुडा बजारको अवस्था सामान्य भएको छ।

## महिला हिंसाविरुद्ध १६ दिने अभियान

# पर्साका ग्रामीण महिलाहरू जागरूक हुँदै







विमला गुप्ता, वीरगंज, १२ मङ्सिर/

लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान अन्तर्गत सोमवार सखुवाप्रसौनी गाउँपालिकामा महिला हिंसाविरुद्ध सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । श्रीपुर पंचगावाँ गाउँमा 'सभ्य समाजको पहिचान, लैङ्गिक हिंसाविरुद्धको अभियान' नाराका साथ र्‍याली निकालिएको थियो ।

महिला केन्द्र नेपालको आयोजनामा भएको र्‍यालीमा गापाकी महिला सदस्यलगायत ७० जना दलित तथा अन्य समुदायका महिल, पुरुष र किशोरीहरूको सहभागिता थियो।

आयोजक संस्था दलित महिला केन्द्र नेपालकी लैङ्गिक विमर्शकर्ता नीला रामले समाजमा अझै पनि रूढिवादी परम्परा र विकृतिको व्याप्त रहेको कारण महिलाहरू नै यसको शिकार हुने गरेको बताइन् ।

गापाकी दलित महिला सदस्य झप्सीदेवी दुसाधिनले परिवर्तनसँगै महिला हिंसाको घटनामा कमी आएको बताइन्। ६० वर्षीया दुसाधिनले आफूहरूको पालामा अहिलेको जस्तो महिला हिंसाविरुद्ध आवाज उठाउन सक्ने अवस्था नरहेको बताइन्। उनले अहिलेका महिलाहरू सचेत हुँदै गएको बताइन् । केही रूढिवादी सोचका कारण अझै महिलाहरू पीडित भएको उनले बताइन् ।

दलित समुदायकी मुखियासमेत रहेकी झप्सीदेवीले समाजमा बालबालिकाको सानै उमेरमा विवाह गरिदिंदा बालिकाहरूले शारीरिक तथा मानसिक समस्या सहनुपरेको बताइन् ।

उनले भनिन्, "माइबाबुले छोरीहरूको सानै उमेरमा विवाह गरिदिन्छन्, अनि सानै उमेरमा छोरीहरू आमा बन्छन्, जसले गर्दा अकाल मृत्यु हुने, सानै उमेरमा पाठेघरको समस्या हुने बताइन् । दाइजो प्रथाले गर्दा पनि सम्बन्धविच्छेदका घटनाहरू भइरहेको छ।"

र्‍यालीमा सहभागी ५० वर्षीया निर्मलादेवी बनियाले सचेतनामूलक अभियानले महिलाहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन आएको बताइन्। बुहारी भएर आउँदा सासू-ससुरा, पति र समाज सबैको बन्देजमा बस्नुपर्ने अवस्था थियो तर अहिलेका छोरीबुहारीहरूलाई पहिलेजस्तो बन्देज नरहेको बताइन्। उनले भनिन्, "देहातका महिलाहरू पनि अब जागरूक हुँदैछन् ।"

स्थानीय सरकारमा सहभागी भएका महिला जनप्रतिनिधिले गर्दा महिला हिंसासम्बन्धी आवाज उठाउन सहज भएको छ । गाउँ-गाउँमा महिला नेत्रीहरूले गर्दा घरभित्रका महिलाहरूलाई आफ्नो कुरा राख्न सहज भएको छ । अहिले हिंसामा परेका अधिकांश महिला प्रहरी प्रशासनमा पुग्न कसैको डर मानिरहेका छैनन् । जसले गर्दा पुरुषहरू कुटपिट गर्न डराउँछन् ।

दलित अभियन्ता गणेश रामले पहिलेको तुलनामा कुटपिटका घटनामा कमी आए पनि छोराछोरीको विभेद अझै यथावत् रहेको बताए । उनले अझै दलित समुदायमा छोरालाई विद्यालय पठाउने र छोरीलाई घरको काममा लगाइने गरेको बताए । वर्षमा एकपटक हुने १६ दिने अभियान स्थानीय सरकारका जनप्रतिनिधिले समय-समयमा गरे यसको प्रतिफल हुने बताए ।


## ट्राफिक नियमको पालना गरौं ।

- बाटो काट्दा जेब्रा क्रसिङको प्रयोग गरौं,
- सडक बत्ती हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा जथाभावी सवारीसाधन पार्किङ नगरौं,
- तोकिएको स्थानमा मात्र सवारीसाधन पार्किङ गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकाशे पुलको प्रयोग गरौं ।

**सडक दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड







## किसानलाई बीउ वितरण

नरेश यादव, पर्सागढी, १२ मङ्सिर

पर्सागढी नगरपालिका-३ स्थित


तस्वीर: प्रतीक

सुनाखरी कृषि सहकारी संस्था लि.ले किसानहरूलाई उन्नत जातको गहुँको बीउ अनुदानमा वितरण गरेको छ ।

सयजना किसानलाई १५० किलोको दरले उन्नत जातको गहुँको बीउ पचास प्रतिशत अनुदानमा वितरण गरेको संस्थाले जनाएको छ ।

प्रधानमन्त्री आधुनिकीकरण कार्यक्रम र कृषि ज्ञान केन्द्रबीच भएको सम्झौता अनुसार गहुँको बीउ वितरण गरिएको संस्थाका सचिव अर्जुन नेपालले बताए । संस्थाकी अध्यक्ष सरस्वती भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा कृषि ज्ञान केन्द्रका प्रमुख मुनिलाल प्रसाद, बाली विज्ञ सुरेन्द्र चौरसिया, बागवानी प्रमुख कुशेश्वरप्रसाद, किसानहरू पारस यादव, रूपा मगर, यमबहादुर थापालगायतको सहभागिता थियो ।

# खेलकूदको संसार

## विश्वकप फूटबल : स्पेन र जर्मनीको खेल बराबरी

काठमाडौं, १२ मङ्सिर/रासस

कतारमा जारी फिफा विश्वकप फूटबल २०२२ मा स्पेन र जर्मनीले बराबरी खेल्दै अङ्क बाँडेका छन् ।



अल बेयत रङ्गशालामा आज बिहान सम्पन्न खेलमा स्पेन र जर्मनीले १-१ गोलको बराबरी खेल्दै अङ्क बाँडेका हुन् । निकै प्रतिस्पर्धात्मक बनेको खेलको ६२औं मिनेटमा अल्भारो मोराटाले गोल गर्दै स्पेनलाई १-० को अग्रता दिलाएका थिए ।

यसपछि खेलको ८३औं मिनेटमा जर्मनीका खेलाडी निकलस फुलक्रुगले गोल गर्दै खेल १-१ गोलको बराबरीमा ल्याए । यस बराबरीसँगै समूह 'ई'बाट दुवै टोलीको नकआउट सम्भावना कायम रहेको छ । स्पेनले दुई खेलमा चार अङ्क जोडेको छ भने जर्मनी दुई खेलमा एक अङ्क जोडेर पुछारमा रहेको छ ।

## क्रोएसियाद्वारा क्यानडा पराजित

कतारमा जारी फिफा विश्वकप फूटबलमा क्रोएसियाले क्यानडालाई पराजित गर्दै पहिलो जीत दर्ता गरेको छ ।

कतारको खालिफा अन्तर्राष्ट्रिय स्टेडियममा आज भएको खेलमा क्रोएसियाले क्यानडालाई ४-१ गोलअन्तरले हराउँदै पहिलो जीत दर्ता गरेको हो । क्रोएसियाको जीतमा आन्द्रेज क्रमारिचले दुई गोल गरे भने मार्को लिभाजा र लेभ्रो माजेरले समान एक/एक गोल थपे गरे ।



यसैगरी, क्यानडाका अल्फान्सो डाभिसले एक गोल फर्काए । खेलमा सुरुआती अग्रता भने क्यानडाले बनाएको थियो । खेलको दोस्रो मिनेटमा डाभिसले गोल गर्दै क्यानडालाई अग्रता दिलाएका थिए तर खेलको ३६औं मिनेटमा क्रोएसियाका क्रमारिचले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याए ।

यसपछि खेलको ४४औं मिनेटमा लिभाजाले गोल गर्दै क्रोएसियालाई २-१ को अग्रता दिलाए । खेलको ७०औं मिनेटमा क्रमारिचले व्यक्तिगत दोस्रो गोल गर्दै क्रोएसियालाई ३-१ को अग्रता दिलाए । यसपछि खेलको इन्जुरी समयमा माजेरले गोल गर्दै क्रोएसियालाई ४-१ को जीत दिलाए । यस जीतसँगै समूह 'एफ'को क्रोएसियाले दुई खेलमा चार अङ्क जोडेको छ। क्यानडाको यो लगातार दोस्रो हार हो र क्यानडा प्रतियोगिताबाट बाहिरिएको छ ।

## क्यामरून र सर्बियाले बराबरी खेले

कतारमा जारी फिफा विश्वकप-२०२२ अन्तर्गत समूह 'जी'को खेलमा क्यामरून र सर्बियाले बराबरी खेल्दै अङ्क बाँडेका छन् ।



कतारको अल जनौब रङ्गशालामा आज भएको खेलमा दुवै टोलीले ३-३ गोलको बराबरी खेल्दै अङ्क बाँडेका हुन् । खेलको २९औं मिनेटमा जिन क्यास्टेलेट्टोले गोल गरेपछि क्यामरूनले अग्रता बनाएको थियो । पहिलो हाफको अतिरिक्त समयमा दुई गोल गरी सर्बिया खेलमा फर्कियो ।

अतिरिक्त समयको पहिलो मिनेटमा दुसान टचाडिकको पासमा स्टारिन्जा पाब्लोभिचले बराबरी गोल गरे । त्यसको दुई मिनेटपछि मिलान्कोभिच सेभिचले अर्को गोल गर्दा सर्बियाले पहिलो हाफमा २-१ को अग्रता बनायो ।

खेलको ५३औं मिनेटमा अलेक्ज्यान्डर मित्रोभिचले गोल गर्दा सर्बियाले ३-१ को अग्रता बढायो । तीन मिनेटको अन्तरमा दुई गोल फर्काउँदै क्यामरूनले ६६औं मिनेटमा खेल बराबरीमा ल्यायो । खेलको ६३औं मिनेटमा भिन्सेन्ट अबुवाकर र ६६औं मिनेटमा चुपो मोटिङले गोल गरेपछि खेल ३-३ गोलको बराबरीमा सकियो ।

यस समूहमा ब्रजील र स्वीटजरल्यान्डको समान ३-३ अङ्क छ । सर्बिया र क्यामरूनले बराबरीका साथ १-१ अङ्क बाँड्दै खाता खोलेका छन् ।

## राष्ट्रिय क्रिकेट प्रतियोगिता सुदूरपश्चिम विजयी

काठमाडौं, १२ मङ्सिर/रासस

यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता सुदूरपश्चिम प्रदेशले प्रदेश नं १ लाई पराजित गरेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा सुदूरपश्चिमले प्रदेश नं १ लाई २१३ रनको फराकिलो अन्तरले पराजित गर्दै विजयी भएको हो ।

प्रतियोगितामा लगातार चौथो जीतसँगै सुदूरपश्चिम फाइनल नजीक पुगेको छ। जीतको लागि २६५ रनको विजयी लक्ष्य पछ्याएको प्रदेश नं १ १६.३ ओभरमा ५१ रनमा समेटियो । प्रदेश नं १ का भुपाल दङ्गालले ३२ बलमा १० रन बनाए । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

सुदूरका हेमन्त धामीले पाँच विकेट लिए भने आकाश चन्दले तीन विकेट लिए । मिलन बोहराले दुई विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ थालेको सुदूरले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै २६४ रन बनायो। सुदूरको लागि कप्तान अनुराग सिंहले सर्वाधिक ८३ रनको योगदान दिए । मिलन बोहराले ६४ रन जोडे । दीपक बोहराले ३२, आकाश चन्दले २० तथा विशाल ऐरले १३ रन जोडे। प्रदेश नं १ का अभिनय राजवंशीले चार विकेट लिए भने आशिष मगर र दीपेश कँडेलले समान दुई विकेट लिए ।